कालिका नगरपालिकाको दोस्रो कार्यकालको नवौं नगरसभामा

नगर प्रमुख श्री विनोद रेग्मीज्यूद्वारा प्रस्तुत

# आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

## २०८३ असार ५, शुक्रबार

कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

# कालिका नगरपालिकाको दोस्रो कार्यकालको नवौं नगरसभामा
# नगर प्रमुख श्री विनोद रेग्मीज्यूद्वारा
# प्रस्तुत कालिका नगरपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

प्रसिद्ध कालिका भवानी मन्दिरको नामबाट नामाकरण गरिएको कालिका नगरपलिका ऐतिहासिक, सामाजिक, आर्थिक, राजनितिक, धार्मिक तथा साँस्कृतिक आयमबाट अग्रणी रुपमा पहिचान बनाएको नगरपालिका हो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको बागमती प्रदेश स्थित चितवन जिल्लाको उत्तर पूर्वि भागमा अवस्थित यस नगरपालिका २०७१ असोज १ गते नेपाल सरकारद्धारा साविकका तीन गा.बि.सहरु शक्तिखोर, पदमपुर र जुटपानीलाई मिलाएर १२ वटा वडा कायम गरी घोषणा भएको साविकको नगरपालिकालाई राज्य पूर्नसंरचना गर्दा साविकको सिद्धि गा.बि.स. लाई समेत समेटेर मिति २०७३ फागुन २७ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार कालिका नगरपालिका कायम गरिएको हो । यस नगरपालिकाका हाल ११ वटा वडाहरुमा विभाजन गरिएको छ जसको स्थायी केन्द्र रेडक्रससग्राम वडा न ६ मा अवस्थित छ ।

विश्व मानचित्रमा २७.१ डिग्री देखी २७.१५ डिग्री उत्तरी अक्षाशं र ८३.१ डिग्री देखी ८३.४१ डिग्री दक्षिणी देशान्तरमा अवस्थित १४९.०८ बर्ग कि.मि. क्षेत्रफल रहेको यस नगरपालिकाको पूर्वमा राप्ती र खैरहनी नगरपालिका, पश्चिममा भरतपुर महानगरपालिका, उत्तरमा ईच्छाकामना गाँउपालिका र धादिङको बेनिघाट रोराङ गाँउपालिका र दक्षिणमा रत्ननगर र खैरहनी नगरपालिकाहरु रहेका छन। करिब १३ हजार घरधुरी र परिवारको औसत आकार ४.२६ रहेको यस नगरपालिकामा कुल जनसंख्या ५२,१६४ मध्ये २६,६७३ महिला र २५,४९१ पूरुष रहेको जसमा जनघनत्व ३५० र लैङ्गिक अनुपात ९५.५७ छ ( राष्टिय जनगणना,२०७८ अनुसार ) ।

भौगोलिक हिसावले समथर र पहाडी भू-भाग मिश्रित यस नगरपालिका कृषि मुख्यत खाधान्न वाली धान, मकै, लगायत तेलहन र तरकारी वाली उत्पादनको लागि उर्वर रहेको छ। यस नगरपालिकामा किसानहरु हालका दिनहरुमा पशुपालन, मौरीपालन, केरा खेती, मौसमी तथा बेमौसमी तरकारी खेती लगायत नगदेवाली तर्फ आकर्षित हुदै व्यावसायिक रुपमा उद्यमशिलता तर्फ जोडीएका छन। सवै वडा तथा अधिकाँश टोलहरु सडक सञ्जालसंग जोडिएको यस नगरपालिका भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधार विकासको हिसावले स्तरोन्नतीको चरणमा रहेको छ।साँस्कृतिक विविधता युक्त यस नगरपालिकामा कालिका मन्दिर, दुर्गाभगवती मन्दिर, ढोकुन थार्वालिङ र त्रिरत्न गुम्बा लगायत विविध धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक धरोहर र भिमवली पार्क, उदयपुर पार्क, सिन्ती झरना, गैरीवारी झरना, चित्राम झरना जस्ता पर्यापर्यटनको सम्भावना वोकेको क्षेत्रहरु यस नगरपालिकामा रहेका छन । आदिबासी चेपाङ, चौधरी, तामाङ, गुरुङ समुदायको बाहुल्यता रहेको यस नगरपालिका पछिल्लो समय शहरिकरण तथा औधोगिकीकरण तर्फ उन्मुख हुदै गएको छ। कृषि, उद्योग, व्यापार तथा पर्यटन क्षेत्रको विकास **“समृद्ध कालिका , सुखी कालिकावासी”** को आधारको रुपमा रहेको देखिन्छ ।

**नगरसभा सदस्य ज्यूहरु,,**

नेपाली जनताको लोकतान्त्रिक गणतन्त्र, समानता र विकासको चाहना अनुरुप विभिन्न कालखण्डमा भएका विभिन्न आन्दोलनका कारण लोकतान्त्रिक मूल्य एवं मान्यतालाई आत्मसात् गर्दै राज्य प्रणालीको क्रमशः रुपान्तरण हुँदै आएको छ । राज्य प्रणालीको रुपान्तरणसँगै एकात्मक, केन्द्रीकृत ढाँचाको स्वरुपमा आमुल परिवर्तन गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका क्रममा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्नुका साथै बेपत्ता तथा घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यसै क्रममा अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान गर्न चाहन्छु । कालिका नगरपालिकाका आदरणीय नगरबासी आमा, बुवा, दाजु भाई, दिदी बहिनी लगायत समस्त शुभेच्छुकहरूको आशिर्वाद, विश्वास, भरोसा, माया, हौसला एवम् रचनात्मक सहयोगका कारण कालिका नगरपालिकाको **"समृद्ध कालिका, सुखी कालिकाबासी"** भन्ने नाराका साथ नगरपालिकाको समग्र विकास, सुशासन र समृद्धिको यात्रा अपेक्षाकृत रुपमा अगाडि बढिरहेको छ ।

**"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय दीर्घकालीन सोच र बागमती प्रदेश सरकारको **"सुसंस्कृत र सुखी जनताः समाजवाद उन्मुख समृद्ध प्रदेश"** को दीर्घकालीन सोचसँग एकाकार गर्दै **नगरको समष्टिगत विकासका लागि आर्थिक, भौतिक, सामाजिक र सांस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरणमैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गर्ने दीर्घकालीन लक्ष्य प्राप्ति गर्न** आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम लक्षित रहनेछ ।

समृद्ध कालिका निर्माणको लागि छुवाछुत तथा सबै खाले जातीय विभेदको अन्त्य गरी धार्मिक रूपले सहिष्णुता तथा आर्थिक, सामाजिक र शैक्षिक रूपले समुन्नत समाजको निर्माण गर्न नेपालको संविधान र अन्य प्रचलित कानूनको भावनालाई नै यस नगरपालिकाले आफ्नो मूल नीति सम्झेको छ । विगत वर्षहरुमा छोटो अनुभव तथा पर्याप्त तयारी बिना नीति तथा कार्यक्रम ल्याई अगाडि बढेको जनसेवाको यो अविरल यात्रामा आज मेरो कार्यकालको पांचौ नीति तथा कार्यक्रम चार बर्षभन्दा बढीको अनुभव यहाँहरुको सुझाव तथा प्रतिक्रिया समेतका आधारमा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

**नगरसभा सदस्य ज्यूहरु,**

## चालु आर्थिक वर्ष २०८२/०८३ का लागि लिएका नीति तथा कार्यक्रम र सो अनुसार विनियोजित भएका वजेटहरुको समिक्षात्मक विवरणहरु प्रस्तुत गर्न चाहन्छु ।

चालु आर्थिक वर्ष २०८२/०८३ का लागि चालु तर्फ ५५ करोड ३६ लाख ५७ हजार पूंजिगत तर्फ ४२ करोड ७० लाख ६३ हजार गरी जम्मा रु ९८ करोड ०७ लाख २० हजार वजेट वियोजन गरी कार्यान्वयनमा ल्याएका थियौं । हामीले छैंटौ नगर सभावाट चालु आर्थिक वर्ष २०८२/०८३ का लागि पारित नीति तथा कार्यक्रम अनुसार वजेट तथा कार्यक्रमहरु पेश भएकोमा केही महत्वपूर्ण उपलव्धीहरुको चर्चा गर्न उपयुक्त ठानी यहाहरु समक्ष राख्न अनुमती चाहन्छु । यस नगरपालिकाको

आफ्नै प्रशासनीक भवन नहुंदा विगत लामो समय देखि भवन भाडा लिइ दैनिक प्रशासनीक कार्यहरु कष्टका साथ सन्चालन हुदै आएको यहाहरुलाई सर्वविदितै छ । हामी सवैको अथक प्रयास पछि आफ्नै नवनिर्मित भवनवाट दैनिक प्रशासनीक कार्यहरु सन्चालन गर्न पाउदा हामी गौरवान्वीत भएका छौं जसवाट यस नगरपालिकावाट प्रदान गरीने सवै सेवाहरु एकै ठाउवाट सन्चालन हुंदा नगरवासीलाई समेत धेरै सहजता मिलेको हामीले अनुभुती गरेका छौं ।

मिति २०८२ भाद्र २३ र २४ मा भएको जेन्जी आन्दोलनका कारण यस नगरपालिकाले भौतिक रुपमा ठूलो क्षती व्यहोर्नु पर्यो । वडा नं. १ देखि वडा नं. ७ सम्मका वडा कार्यालयहरु, पशु तथा कृषि शाखाहरु र महिला सन्जाल भवन संगै अन्य फर्निचरहरु कम्प्युटरका सामान साथै अन्य विद्युतीय सामानहरु जलेर / आगजनीका कारण पूर्ण रुपमा नष्ट भए साथै वडा नं. ८ र ९ वडा कार्यालयहरुमा क्षतीको सामाना गर्नु पर्यो। नगरपालिकाका सवारी साधनहरु पूर्णरुपमा आगजनीका कारण ध्वस्त भए, नगर प्रमुख र उप प्रमुखको निजी निवास तोडफोड भइ आगजनी गर्ने प्रयास भए जसकाे कारण यस नगरपालिकाले वर्षौं लगाएर निर्माण गरिएका भौतिक संरचना तथा अन्य चल अचल सम्पतीहरु क्षतीका कारण ठुलो धनरासी गुमाउनु पर्ने अवस्था आयो । हाल आगजनी तथा तोडफोड भएका वडा कार्यालयहरु सवै तथा महिला सन्जाल भवनको पुनःनिर्माण र व्यवस्थापन गर्दा नगरपालिकाले ठुलो धनरासी खर्च गरी सन्चालनमा ल्याइ सेवा प्रवाह गरिरहेको छ । यस्तो सिर्जित विसम अवस्थाका कारण वजेट तथा कार्यक्रमहरु सन्चालन गर्न नसकिएको कटु यथार्थ हामी सवै माझ छर्लङ्ग छ । फलस्वरुप हामीले निर्धारण गरिएका लक्ष्यहरुमा प्रगती हासिल गर्न ठूलो चुनौती सिर्जना भयो । त्यस पछि वनेको संघीय सरकारको निर्देशन र नगरपालिकामा उल्लेखित सिर्जित परिस्थीतीका कारण लक्ष्य अनुसारको प्रगती हासिल गर्न नसकिएको यहाहरुलाई जानकारी गराउन चाहन्छु । यस्तो विषम परिस्थितीका वावजुत पनि नगरपालिकाले आफ्ना नियमित कार्यहरुलाई अगाडी वढाइ रहेको छ ।

**क)** स्वास्थ्य सेवा तर्फ सवै नगरवासीहरुलाई स्वास्थ्य सुविधा सहज र सरल वनाउने नीति अनुरुप सवै स्वास्थ्य संस्थाहरुलाई सवलिकरण गरिएको, निशुल्क रुपमा वितरण हुने औषधीहरु तथा अन्य औषधीहरु वोलपत्र विधीवाट समयमा नै खरिद गरी सवै स्वास्थ्य संस्थाहरुमा पुर्याइ सकिएको, स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने स्वास्थ्य सेवालाई गुणस्तरीय र विश्वाशिलो वनाउदै नियमित स्वास्थ्य परिक्षणहरु सहज वनाउदै लगिएको, नगर अस्पतालवाट प्रदान गरिने स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै लगिएको, नगर अस्पतालवाट प्रदान गरिने सेवाहरुमा प्रयोगशाला परिक्षण सेवा, औषधीहरु विक्री वितरण, गर्भवती परिक्षण तथा नियमित खोप सेवाहरु , विशेषज्ञ सेवाहरु (भिडीयो एक्स रे, एक्स रे, स्त्रीरोग, हाडजोर्नी तथा नशा, वालरोग, सर्जरी सेवा, नियमित स्वास्थ्य परिक्षण जस्ता सेवाहरु ) प्रदान गर्दै आइरहेको । ८० वर्ष माथिका वृद्धहरुको घर दैलो परिक्षणको कार्यहरु, साथै नसर्ने खालका रोगहरु महिलाहरुको स्तन क्यानसर, पाठेघरको मुखको क्यानसर, आङखस्ने समस्या भएका २००० व्यक्तिहरुको निशुल्क परिक्षण गरिएको । चालु आर्थिक वर्षवाट नगरवासीहरुको सुविधालाई मध्यनजर गरि निशुल्क सव वहानको व्यवस्था मिलाइएको छ साथै नगर अस्पतालवाट सन्चालन हुदै आएको एम्वुलेन्स सेवालाई निशुल्क रूपले सन्चालन गरिने छ । विपन्न घर परिवारहरुलाई दिंदै आएको निशुल्क स्वास्थ्य वीमा कार्यक्रम नेपाल सरकारको मिति २०८२ असोज ०६ गतेको परिपत्र अनुसार उक्त सेवा स्थगनमा परेको थियो जसवाट निशुल्क स्वास्थ्य वीमा कार्यक्रमको सुविधा लिंदै आएका घर परिवारहरु वन्चित हुनु परेको कारण हामीलाई दुख लागेको छ ।

**ख)** पूर्वाधार तर्फ यस नगरपालिकाले चालु आर्थिक वर्षमा सम्पन्न गर्ने गरी कुल २९ वटा योजनाको ठेक्का आव्हान गरेकोमा सडक कालोपत्रे योजनाको हकमा इरान युद्धका कारण पेट्रोलियम पदार्थको भारी मुल्य वृद्धिका कारण अन्य वाकी सवै सडकको सव वेस लेवलको काम सम्पन्न भएका, वडा नं. ४ र ५ सिमाना वाटो वि. पी. चोक उत्तर जंगल सिमानासम्मको कालोपत्र सडकको **२.०६८ किलो मिटर** वाटो कालोपत्रे सम्पन्न भएको वाकी सडकको काम कालोपत्रे कार्य वाकी रहेको । अन्य ठेक्काको हकमा जनहित मा विको भवन निर्माण, आ.वि पिपरिया भवन निर्माण, समिपुर मा वि भवन निर्माण, नगर सभाहलको पूर्वाधार निर्माण, वडा नं. ४ र ६ को वडा कार्यालय भवन निर्माण, वडा नं. ५ को वडा कार्यालय भवन मर्मत सम्भारको कार्य सम्पन्न भइ सकेको र अन्यको हकमा निर्माण सम्पन्न हुने अवस्थामा रहेका छन् । थाङखोला तटवन्धनको कार्य समेत अन्तिम अवस्थामा पुगेको छ । विभिन्न वडाहरुमा सतह सिंचाईको लागि सिंचाइ कुलो लाइनिङको काम सम्पन्न भइ सकेका छन भने भुमिगत सिंचाइको विस्तारको लागि १९ वटा डिप वोरिङको काम सन्चालन भइरहेका छन । नगरपालिकाले आफ्नै श्रोतवाट वडा नं. १० तीन दोभान कयरखोलामा निर्माण भइ रहेको पक्की मोटर पुल निर्माणको ढलानको कार्य पुरा भएको छ भने अन्य कार्य भइरहेको छ जुन आगामी मंसिर महिना भित्र निर्माण सपन्न गराउने लक्ष्य राखिएको छ । वडा न. २, ४, ६ र ७ मा आधुनिक प्रविधी मैत्री विकास ( जि. पि. एस. प्रणाली / स्टप साइन, वाटोको नामाकरण, घर नम्वर प्लेट निर्माण) का लागि आवश्यक पूर्वाधार निर्माणको काम भइरहेको छ । साथै उपभोक्ता समिती मार्फत सडक स्तरोन्नती साथै नया ट्र्याक खन्ने कामहरु समेत सम्पन्न भएका छन् ।

ग) पशु पन्छी शाखा अन्तरगत यस नगरपालिकाले कृषकहरुको लागि दुधमा अनुदान कार्यक्रम अन्तरगत २४३५ जना किसानहरुलाई ४०,२७,८९७.९३ लिटर दुधका लागि प्रति लिटर रु २।६१ का दरले दुग्ध उत्पादक सहकारी मार्फत किसानलाई नगद अनुदान रकम रु १,०५,१२,८१३/- (एक करोड पांच लाख वाह्र हजार आठ सय तेह) वितरण गरिएको छ । वर्षे सुडान जातको घांसको विउ ४२०० केजी किसानहरुलाई निशुल्क वितरण गरिएको । पशु वस्तु हरुमा लाग्ने परजिवी तथा अन्य रोगहरु नियन्त्रण गर्न औषधी खरिद गरी वितरण गरिएको, पशु शाखा मार्फत हुदै आएका नियमित कार्यहरु पशु वस्तुहरुमा कृतीम गर्भाधान, गोवर परीक्षण, वन्ध्याकरण सेवा, विभिन्न किसिमका खोपहरु, सामुदायिक कुकुर तथा विरालाहरुको वन्ध्याकरण जस्ता कार्यहरु गरिएका । पशु सेवा शाखामा भएको आगजनीका कारण लामो समय जनताहरुलाई सेवा दिन नसकेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

घ) शिक्षा तथा खेलकुद शाखा अन्तरगत चालु आ व देखि नै सवै सामुदायिक विद्यालयहरुमा अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन भएको । विद्यालयहरुमा निरन्तर अनुगमन गरी शैक्षिक गुणस्तर वृद्धी गर्न आवश्यक पहल गरिएको । विद्यालय भवन अन्तरगत समिपुर, जनहित मा वि तथा आधारभुत विद्यालय पिपरियाको भवन निर्माण कार्य भएको साथै विद्यालयका भौतिक पूर्वाधारहरु ( छाना फेर्ने, फर्निचर, डेक्स वेन्च, भान्सा कोठा निर्माण, भवन रंगरोगन, कम्पाउण्ड वाल शौचालय निर्माण शैक्षिक सामाग्री वितरण साथै जनहित मा वि. मा आइसिटी / विज्ञान प्रयोग शाला , पुस्तकालय स्थापना गरिएको । विद्यालयहरुमा आवश्यक दरवन्दी मिलान गरिएको । खेलकुद कार्यक्रम अन्तरगत विभिन्न खेलकुद कार्यक्रम तथा खेल सामाग्रीहरु वितरण गरिएको ।

ङ) कृषि शाखा अन्तरगत ५० प्रतिशत अनुदानमा केरा खेती अन्तरगत १८ विगाहा क्षेत्रफलमा केरा खेती विस्तार गरिएको । च्याउखेती गर्ने किसानका लागि ५० प्रतिशत अनुदानमा माग अनुसार स्थायी टहरा वनाउन तथा यन्त्र उपकरणहरु वितरण

गरिएको । किसानहरुलाई उन्नत धानको ६००० केजी विउ  वितरण ।मौरी पकेट कार्यक्रमका कार्यक्रमहरु निरन्तर रुपमा चलिरहेका छन । १३ जना किसानहरुलाई भुमिगत सिंचाईको लागि अनुदान दिइएको । कृषि सेवा शाखामा भएको  आगजनीका कारण लामो समय जनताहरुलाई सेवा दिन नसकेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

च) महिला वालवालिका शाखा अन्तरगतको सि. वि. आर. कार्यक्रमवाट पूर्ण अपाङ्गता र अतिअशक्त अपाङ्गता भएका व्यक्तिका अभिभावक तथा संरक्षकलाई प्रजनन् योग्य वाख्राकाे पाठी ५१ जनालाई वितरण गरिएको । ३५ जनालाई अपाङ्ग परिचय पत्र वितरण गरिएको छ भने १६ जनालाई १५ दिने नौमती वाजा तालिम प्रदान गरी नौमती वाजाका सामाग्रीहरु समेत  वितरण गरिएको छ । साथै अन्य नियमित कार्यक्रमहरु निरन्तर रुपमा भइरहेका छन् ।

**नगरसभा सदस्य ज्यूहरु,**

जनताका असीमित अपेक्षा, कठिन पहाडी भू-बनोट, बहुजातीय, बहुभाषिक एवम् बहुसांस्कृतिक सामाजिक बनोट, नगरको न्यून आन्तरिक आम्दानी तथा देशव्यापी रुपमा देखिएको आर्थिक सङ्कट, रोजगारी र आय-आर्जनमा आएको सुस्तता तथा समग्र आर्थिक गतिविधिहरुको संकुचन समेतलाई मध्यनजर गर्दा आगामी आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि नीति तथा कार्यक्रम तयार गर्न त्यति सहज भइरहेको छैन। तथापि हामी सिङ्गो नगरकार्यपालिका र नगरसभा हातमा हात राख्दै, एकताबद्ध हुँदै सामुहिक प्रयत्न गर्यौं भने कालिकाको विकास र समृद्धि हाम्रै पालामा सम्भव बनाउन सकिन्छ भन्ने विश्वास र अठोटसाथ नगरपालिकाले गत आर्थिक वर्ष तथा चालु आर्थिक वर्षको अनुभव र यस नगरपालिकामा रहनुभएका संस्थापक जनप्रतिनिधिज्यूहरु, राजनैतिक दल, विभिन्न तह र तप्काका महानुभावहरु, बुद्धिजिवीहरुको मार्गदर्शन, सल्लाह र सुझावलाई समेत समेटेर आगामी आर्थिक वर्ष २०८३/०८४ मा देहाय बमोजिमका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**<u>सेवा प्रवाह तथा सुशासनः</u>**

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्बन गरिएको नेपालको संविधानमा स्थानीय तहलाई जनताको नजिकको सरकारको रूपमा अधिकार र जिम्मेवारी दिइएको छ । नगरबासीहरुको आशातित अपेक्षाहरुलाई पुरा गर्न नगरबासीको कुरा सुन्ने, भावना बुझ्ने, विश्वास र भरोसा गर्न सक्ने वातावरणको विकास गर्दै नगरबासीको मन जित्ने गरी कालिका नगरपालिकाको सेवा सुधार गरी प्रभावकारी सेवा प्रदान गरिनेछ।

१. नगरपालिका र वडा कार्यालयहरूबाट प्रदान गरिने सिफारिस, प्रमाणीकरण, व्यवसाय कर दर्ता लगायतका सेवाहरूलाई न्यूनतम सेवा प्रवाह मापदण्डका आधारमा एकरुपता तथा स्पष्टता कायम गर्दै क्रमशः सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ।नगरपालिकाको सूचना तथा सेवाहरूलाई सहज रुपमा प्रवाह हुने व्यवस्था मिलाइने छ ।

२. वडा नं. ९, १० र ११ मा उपभोक्ता समितिसँग सम्झौता, व्यवसाय दर्ता, अपाङ्गता परिचय पत्र वितरण, सामाजिक सुरक्षा भत्ता वितरण लगायतका कार्यका लागि **एकिकृत घुम्ती शिविर मार्फत् नगरबासीको घरदैलोमा सेवा प्रवाह**लाई निरन्तरता दिइने छ ।

३. **जनगुनासो  सङ्कलन तथा सुनुवाई**को कार्यलाई सहज र प्रभावकारी बनाइनेछ । नागरिक सहायता कक्षबाट प्रदान गरिने सेवा थप प्रभावकारी बनाईनेछ ।

४. **भ्रष्ट्राचार विरूद्ध शुन्य सहनशीलता** अपनाइनेछ ।पारदर्शी, सहभागितामुलक, जवाफदेही सार्वजनिक प्रशासन, कानूनको शासन, आर्थिक अनुशासन तथा भ्रष्ट्राचारमुक्त प्रशासन कायम गरी सुशासनको प्रत्याभूति गराइनेछ।

५. नगरपालिकाबाट भएका सेवा प्रवाहलाई प्रभावकारी बनाउन **चौमासिक रुपमा सार्वजनिक सुनुवाई** गरिने कार्यलाई निरन्तरता दिइने छ ।

६. नगरपालिकामा **नगर प्रहरी बल** गठन गरिएकोमा नगरपालिका भित्रको बजार क्षेत्र व्यवस्थापन, पार्किङ्ग व्यवस्थापन, सार्वजनिक जग्गा, मठ मन्दिर, खोला नाला तथा घोल अतिक्रमण, नदीजन्य पदार्थको अवैध उत्खनन् तथा चोरी निकासी, भवन नक्शा पास, फोहरमैला व्यवस्थापन लगायत नगरपालिकाले नियमन तथा नियन्त्रण गर्नु पर्ने अन्य कार्यहरुमा नगर प्रहरी बलको नियमित परिचालन गरिनेछ ।

७. नगरपालिका अन्तर्गतका सम्पूर्ण बिषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई निजहरुको सम्पादन गर्ने कामको आधारमा आवश्यकता  पहिचान गर्नुका अलवा पुनर्ताजगी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गरिने छ ।

८. नगरपालिकाका जनप्रतिनिधि, तथा बिषयगत समितिका पदाधिकारीहरु, उपभोक्ता समितिका पदाधिकारीहरु र अन्य साझेदार संस्थाका पदाधिकारीहरुलाई आवश्यकता पहिचान गरी क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिमहरु समेत सञ्चालन गरिनेछ ।

९. न्यायिक समितिका पदाधिकारीहरु, मेलमिलाप समितिका पदाधिकारीहरु र मेलमिलाप कर्ताहरुको आवश्यकता पहिचान गरी गुणस्तरीय न्याय सम्पादन गर्नका लागि क्षमता अभिवृद्धि तालिमहरु सञ्चालन गरिनेछ ।

१०.नगरपालिकाको **संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण** अनुसार प्रत्येक शाखा तथा वडाहरुमा आवश्यकताको आधारमा कर्मचारी  व्यवस्थापन गरी निजहरुले सम्पादन गर्ने काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण तोकी सेवा प्रवाह चुस्त दुरुस्त बनाउने कार्यको थालनी  गरिनेछ ।

११. बार्षिक खरिद योजना तयार गरी एक वर्षको लागि आवश्यक पर्ने एकै प्रकारका खरिदहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रही विद्युतीय बोलपत्रको माध्यम प्रयोग गरी टेण्डर निस्कासन गरिँदै आएकोमा  यसलाई अझ परिस्कृत गर्दै लगिनेछ ।

१२. नगर प्रहरीहरुको क्षमता विकास गरी नगर प्रहरीहरुलाई उपयुक्त ढंगबाट परिचालन गरी नगरबासीहरुलाई प्रदान गरिने सेवामा जोडिने छ ।

१३. कालिका नगरपालिका जनप्रतिनिधि, कर्मचारी, विद्यालय, शिक्षक, सामाजिक संघ संस्था, सहकारी संस्था , कृषक, उद्यमी लगायत क्षेत्रहरुमा **उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गर्ने** परिपाटीको विकास गर्न कार्यविधि तयार गरी कार्य थालनी गरिनेछ ।

१४. कर्मचारीहरुको उच्च मनोबलका साथ सेवा प्रवाहमा क्षमता अभिवृद्धि गर्न अन्य नगरपालिकाले गरेका असल अभ्यास सिक्न अध्ययन अवलोकन भ्रमण कार्यक्रमको व्यवस्था मिलाइने छ ।

१५. नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुका लागि आवश्यकता पहिचानका आधारमा क्षमता अभिवृद्धि तालिम, **IT Based** तालिम र उच्च मनोबलका साथ सेवा प्रवाह गर्नका लागि अध्ययन अवलोकन भ्रमण सञ्चालन गरिनेछ।

१६.कालिका नगरपालिका क्षेत्रभित्रका विभिन्न ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक पर्यटकीय क्षेत्र पहिचानसहितको नक्सा सहित जानकारीमुलक साइन बोर्ड राखिनेछ।

१७. यस नगरपालिकाका सवै वडाहरुमा क्रमशः आधुनिक प्रविधी मैत्री विकास ( जि. पि. एस. प्रणाली / स्टप साइन, वाटोको नामाकरण, घर नम्वर प्लेट निर्माण) का लागि सवै वडाहरुमा क्रमशः आवश्यक पूर्वाधार निर्माण तथा विकास गरिने छ ।

## शिक्षा, युवा तथा खेलकुद :

### <u>शिक्षा तर्फः</u>

१.अनिवार्य तथा निःशुल्क शिक्षालाई पूर्णरुपमा कार्यान्वयन गर्न विद्यालय उमेर समुहका बालबालिकालाई भर्ना सुनिश्चितता,विद्यालय बाहिर शुन्य अभियान साथै अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयहरुलाई अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्यविधि अनुसार आवश्यक न्युनतम श्रोत तथा अनुदान बजेटको व्यवस्था गरिनेछ।

२. नगर शिक्षा योजना अनुरुप शैक्षिक गुणस्तर सुधार , आधारभुत सिकाइ प्रवर्द्धन, विद्यार्थी मूल्याङ्कन,र सिकाइ उपलब्धि परिक्षणलाई प्रभावकारी बनाइनेछ । विद्यालयहरुको सहकार्यमा विद्यार्थीहरुका लागि Creative Learning with Book Free Class Program को प्रभावकारी सञ्चालनको व्यबस्था मिलाइनेछ । न्यूनतम गुणस्तरको मापदण्ड निर्धारण गरी सबै विद्यालयका प्रारम्भिक बाल विकास कक्षाहरुको पूर्वाधार विकास , शैक्षिक सामाग्रीको उपलब्धता र बालविकासका शिक्षकका लागि क्षमता विकास तालिम सञ्चालन गरिने छ।

३.मानवीय आवश्यकता र बास्तविक जीवनसँग जोड्ने र कर्म सिकाउने जीवनोपयोगी सीपमा आधारित स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकुल परिमार्जन र प्रकाशन गरी ,कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिईनेछ। आधारभूत तह कक्षा ८ को परीक्षा नगरस्तरीय रुपमा सञ्चालन व्यस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

४. गरिब असाहय आर्थिक तथा सामाजिक रूपले पछाडि परेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन, टिकाउन र सिकाउन मेयर केयर कार्यक्रम (छात्रवृत्ति, शैक्षिक, सामग्री, पोशाक, स्वास्थ्य, आबास) सञ्चालन गरिने छ। दुर्गम सीमान्तकृत चेपाङ समुदायका बालबालिकालाई चेपाङ छात्राबासमा निःशुल्क खाना, वस्न र पठनपाठनको व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइनेछ।

५. नवप्रवर्द्धन विधि र प्रविधिको प्रयोग गरी विद्यार्थीहरुलाई माध्यमिक तह पुरा गर्ने दर वृद्धि गर्ने रणनीति अपनाइ शिक्षामा सवैको पहुँच सुनिश्चित गरी दक्ष तथा सक्षम जनशक्ति उत्पादन गर्ने नीति लिइने छ। SEE दिने विद्यार्थीको मनोबल बढाई प्राप्ताङ्कमा सुधार गर्न क्रयास् (curriculum reform year academic support) कोर्स साथै बृत्ति विकास परामर्श सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

६. सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण, पोषण युक्त दिवा खाजा , छात्रवृत्तिको व्यवस्था एवं स्यानिटरी प्याड वितरण जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ। सबै विद्यालयहरुलाई जङ्क फुड निषेधित क्षेत्र घोषणा गर्ने नीति लिइनेछ । विद्यालयको १०० मिटर वरिपरिको क्षेत्रमा मदिरा र सूर्तिजन्य वस्तु बेचबिखनमा पूर्ण रुपमा प्रतिबन्ध लगाइनेछ ।

७. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यकताका आधारमा शैक्षिक सामग्री तथा पाठ्यसामग्रीहरु वितरण गर्नुका साथै वार्षिक शैक्षिक क्यालेण्डर र शैक्षिक योजना निर्माण तथा अध्यावधिक गरी सम्पुर्ण विद्यालयको शैक्षिक गतिविधिहरुमा एकरुपता कायम गरिनेछ । शैक्षिक सामग्री तथा पाठयोजना सहितको शिक्षक डायरी र विद्यार्थी दैनिकी सहित शिक्षक र विद्यार्थीको कक्षाकोठामा प्रवेश अनिवार्य बनाइनेछ ।

८. शिक्षकको पेशागत क्षमता विकासका लागि विषयगत शिक्षक तालिम, पुनर्ताजगी तालिम, सुचना प्रविधि तालिम, शिक्षामा AI को प्रयोग सम्बन्धी तालिम ,विद्यालय लेखा र जिन्सी व्यवस्थापन तालिम तथा प्रअहरुलाई विद्यालय व्यवस्थापन तालिम लगायत आवश्यकतामा आधारित तालिम सञ्चालन गरि प्रअ र शिक्षकको क्षमता विकासका कार्यक्रमहरु एवम् अभिभावक शिक्षाका कार्यक्रमहरु संचालन गरिनेछ।

९. **"कालिकाको इच्छा, गुणस्तरीय शिक्षा"** भन्ने नाराका साथ शिक्षा क्षेत्रमा शैक्षिक गतिविधिहरु केन्द्रित हुनेछन् । सो अनुरुप व्यवहारिक र प्राविधिक शिक्षामा जोड दिइनेछ । विद्यालयमा गुणस्तरीय शिक्षाका सन्दर्भमा विद्यार्थी अभिभावक शिक्षक जनप्रतिनिधि साक्षात्कार कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षामा समाबेशी पहुँच र गुणस्तर वृद्धिका लागि अनुसन्धानात्मक कार्यक्रमहरु गर्दै शिक्षकहरुलाई अनुसन्धानमुखी कार्यतर्फ उत्प्रेरित गर्न शिक्षक जर्नलको प्रकाशन तथा विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।

१०.एक विद्यालय एक करेसावारी बनाउने  कार्यक्रम सञ्चालन गरिनेछ । बिद्यार्थीलाई पढदै कमाउँदै कार्यक्रमद्वारा उद्दमशिलता तथा उत्पादनसँग जोड्दै स्थानीय उत्पादनलाई पाठ्यसामाग्रीको रुपमा प्रयोग गर्दै  शिक्षकलाई प्रविधिसँग जोड्ने क्रियाकलापहरु संचालन गरिनेछ ।

११. नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास भई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विभिन्न विधामा विज्ञता हासिल गरेका व्यक्तित्वहरुको वौद्धिक क्षमतालाई आवश्यकता अनुसार उपयोगमा  ल्याउने निति अवलम्वन गरिनेछ ।

१२. कालिका नगरक्षेत्र भित्रको सीप कला संस्कृतिको संरक्षण सम्बर्द्धन गर्नको लागि कालिका कलाकेन्द्रको विकास तथा प्रवर्द्धन गरिनेछ सोको लागि आवश्यक बजेट विनियोजन गरिनेछ । स्थानीय प्राविधिकहरूसँग समन्वय गर्दै माध्यमिक तहका विद्यार्थीहरूलाई सीपशाला सञ्चालन गरी सामान्य मर्मतका काम सिकाइने छ ।

१३. विद्यार्थीहरुलाई नियमित पठनपाठनका अतिरिक्त अन्य सिर्जनात्मक क्रियाकलाप  तथा परियोजना कार्य संलग्न गराउन एवं अन्तरनिहित प्रतिभा प्रस्फुटन गराउन अतिरिक्त क्रियाकलाप सञ्चालन, शैक्षिक प्रदर्शनी, **शैक्षिक मेला** सञ्चालन गरिनेछ । शिक्षकलाई शैक्षिक अनुसन्धानात्मक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नलको प्रकाशन गरिनेछ।

१४. वार्षिक शैक्षिक क्यालेण्डर अनुसार नगरस्तरीय खेलकुद, शैक्षिक प्रदर्शनी, प्रतियोगिता, अभिभावक भेला/बार्षिक उत्सव अन्य अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ। यसको लागि विद्यालयहरुलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध  गराउने कार्यलाई निरन्तरता दिइनेछ।

१५. बृहत विद्यालय सुरक्षा कार्यक्रम अन्तर्गत  विद्यालयहरुमा सुरक्षित वालमैत्री, अपाङ्गमैत्री, र प्रविधिमैत्री भौतिक संरचना निर्माण, मर्मत संभार तथा सेवा सुविधा विस्तार, विद्यालय सरसफाइ childfrindly शैक्षिक वातावरण र वातावरणीय अनुकुलन सौन्दर्गीकरण मार्फत हरित विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

१६. बालविकास केन्द्रमा कार्यरत शिक्षक, विद्यालय कर्मचारीहरु, विद्यालय सहयोगी , सामुदायिक सिकाइ केन्द्रका परिचालिका तथा समावेशी शिक्षा तथा बहुअपाङ्गता भएको कक्षाका आयको पारिश्रमिकको लागि संघीय सरकारबाट प्राप्त रकममा नगरपालिकाको तर्फबाट थप प्रोत्साहन उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

१७. संस्थागत विद्यालयहरूले विद्यार्थी  संख्याका आधारमा प्रदान गर्ने जेहेन्दार, गरीब तथा विपन्न  लक्षित छात्रवृत्ति  र मासिक शुल्क निर्धारण कार्यलाई सघन नियमन गरिनेछ । सामुदायिक तथा संस्थागत विद्यालयहरुको नियमित तथा प्रभावकारी अनुगमन र व्यवस्थापनको सुनिस्चितता  गर्दै गुणस्तरीय  शिक्षालाई प्रवर्धन गरिनेछ ।

१८. कालिका नगरपालिकाभित्र स्थायी बसोबास गर्ने र सामुदायिक विद्यालयमा अध्ययन गरी प्राविधिक उच्च शिक्षा अध्ययन गर्ने छात्र/छात्राहरुलाई प्रदान गर्ने प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९. **“गुणस्तरीय शिक्षाको आधारशिला, सुधारिएको पाठशाला”** भन्ने मुल नारा सहित गुणस्तरीय शिक्षण सिकाई वातावरण तयार गर्न विद्यालयको परिसर देखि कक्षा कोठासम्म, शिक्षक र प्रधानाध्यापकको भूमिका देखि अभिभावकको जिम्मेवारी सम्म निर्धारण गरिएका सुचक सहितको शिक्षाको न्यूनमत् सेवा गुणस्तर मापदण्ड (EMSS) आधारमा बिद्यालयको स्तरीकरण तथा शैक्षिक गुणस्तर परीक्षण सूचक २०८३ निर्माण गरि क्रमशः सबै बिद्यालयमा लागु गरिनेछ । विद्यालयका प्रधानाध्यापकहरुलाई प्रशासनिक सुधारमा पारदर्शी उत्तरदायि र जवाफदेहि बनाउन मापनयोग्य कार्य सम्पादन सूचक निर्माण गरी कार्य सम्पादन करार सम्झौता गरिनेछ।

२०. **“गुणस्तरीय शिक्षा, हाम्रो प्रतिवद्धता”** भन्ने नाराका साथ स्वस्थ शैक्षिक प्रतिस्पर्धाको वातावरण सिर्जना गर्न न्यूनतम गुणस्तर मापदण्ड, वार्षिक सिकाइ उपलब्धि साथै शैक्षिक गुणस्तर परीक्षण सुचकको आधारमा तहगत र विषयगत रुपमा उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीलाई सम्मान / प्रोत्साहन र पुरस्कार समेतको व्यवस्था गरिनेछ।

२१. अध्ययनको क्रममा विचमै कक्षा छाड्ने विद्यार्थीलाई प्राविधिक शिक्षा अध्ययन गर्नका लागि प्राविधिक सिपमुलक तालिम प्रदान गर्ने तथा हासिल गरेका सिपको आधारमा प्रमाणपत्र प्रदान गरी रोजगारी सिर्जना गर्ने वातावरण मिलाइनेछ । विद्यालय स्तरमा TVET लाई प्रभावकारी बनाइनेछ ।

## युवा तथा खेलकुद तर्फः

२२. " स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद " राष्ट्रिय नाराका साथ नगरक्षेत्र भित्र खेलकूद पूर्वाधार निर्माण र खेलकूद क्रियाकलाप तथा प्रतियोगिता आयोजना गरी खेलकूदको विकास र प्रवर्द्धन गरिनेछ। नगर खेलकूद विकास समिति गठन गरी एकद्वार प्रणाली मार्फत् खेलकुद क्षेत्रको व्यवस्थापन गरिनेछ साथै राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता, मेयर कप प्रतियोगिता एवं नगरस्तरीय विभिन्न खेलकूद कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

२३. खेलप्रति आकर्षित गर्न प्रतिभावान् खेलाडी पहिचान, क्षमता विकासका लागि प्रशिक्षण सञ्चालन गरिनेछ। जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी हुने र पदक प्राप्त गर्ने खेलाडीलाई नगद पुरस्कार सहित सम्मान गरिनेछ।

२४. ११ वटै वडामा क्रमशः"एक वडा, एक खेलमैदान" र"खुल्ला व्यामशाला बनाउने नीति लिइनेछ । योग ध्यान, मनोरञ्जनात्मक परम्परागत तथा संस्कृतिजन्य खेलकूदको प्रवर्द्धन गरिनेछ । खेलकुदसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्दा सरकारी, गैरसरकारी र निजी संस्थाहरुसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ

२५. कालिका कभर्डहल र आवश्यक जग्गा जमिन को उपलब्धताको आधारमा अन्य वडाहरूमा फुटवल मैदान, फुटसल कोर्ट, क्रिकेट मैदान , पार्क आदिको निर्माण तथा स्तरोन्नतिको लागि आवश्यक पहल गरिनेछ ।

२६. धूम्रपान, मद्यपान, लागू औषध, दुर्व्यसनी लगाएतको न्युनीकरण गर्न नेपाल प्रहरी , गैरसरकारी संस्था अन्तर शाखासँगको सहकार्यमा लागू औषध दुर्व्यसन सम्बन्धी सचेतना तथा नियन्त्रणका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२७. युवाहरूमा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व एवम् क्षमता विकास गर्न परिवार र समाज राष्ट्रप्रति जिम्मेवार तथा उत्तरदायी बनाउन विविध सिपमुलक तालिम सञ्चालन गरिनेछ। समृद्ध कालिका सुखी कालिका वासी भन्ने नारा सफल पार्न विकास निर्माण, वातावरण संरक्षण, सामाजिक विकासमा यूवाहरुको सहभागिता बढाउन यूवा स्वयम् सेवा अभियान सञ्चालन गरिनेछ ।

२८. विद्यार्थीहरुमा सकरात्मक चिन्तन, मानवीय सेवा, विपद् व्यवस्थापन र नेतृत्व विकासका लागि कालिका नगरपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा स्काउट ट्रुप अनिवार्य सञ्चालन गरिनेछ । नगरमा एक प्रविधियुक्त आधुनिक पुस्तकालयको स्थापना गर्ने रणनीति लिइनेछ।

## स्वास्थ्य सेवा प्रवाहः

१. कालिका नगरपालिका अन्तरगत रहेका सबै वडा का स्वास्थ्य संस्था तथा नागरिक आरोग्य केन्द्रहरुको सेवा लाइ चुस्त दुरुस्त र प्रभावकारी बनाउदै लगिनेछ।

२. बहुक्षत्रिय पोषण योजना (तेस्रो) ,सुरक्षित प्रसुती सेवा ,बालबालिकाको नियमित खोप ,पोषण सेवा,महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम, लगायतका क्षेत्रहरुको प्राथमिकता लाइ निरन्तरता दिइनेछ |

३. ८० बर्ष माथिका जेष्ठ नागरिक र पूर्ण अशक्त (रातो कार्ड) अपाङ्गता भएका व्यक्तिहरुको घरैमा गइ उपचार गर्ने ,सुत्केरी भएका महिलालाई घरभेट गरी आमा तथा नवाशिशु को स्वास्थ्य परीक्षण कार्यक्रम तथा ग्रामीण अल्ट्रासाउन्ड सेबा लाई निरन्तरता दिइने छ |

४. स्वास्थ्यकर्मीहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु को मनोवल उच्च राखी समसामायिक ज्ञान तथा शीप सिकाउन विभिन्न क्षमता अभिवृद्धि का कार्यक्रमहरु संचालन गरिनेछ।

५. पूर्ण खोप युक्त कालिका नगरपालिकालाई दिगोपना दिइने र सबै बालबालिकाले पूर्ण खोप पाएको सुनिस्चित गरिनेछ ।

६. कालिका नगर अस्पताल को बिस्तार गरी बिरामी भर्ना गरी उपचार गर्ने (इन्डोर सेवा) संचालनमा ल्याइनेछ।

७.लागु पदार्थ सेवन गरी सवारी साधन चलाउँदा हुन सक्ने सडक दुर्घटना न्युनीकरण गर्न स्थानीय प्रहरी सँगको समन्वयमा आवश्यक चेकजाँच तथा सचेतनामुलक कार्यक्रमको शुरुवात गरिने छ।

८. स्वास्थ्य चौकीहरुको सेवा को गुणस्तर अभिबृद्धि गर्न न्युनतम सेवा मापदण्ड लाइ सुधार गर्दै लगिने छ।

९.किशोरीहरुमा हुने रक्तअल्पता को रोकथाम तथा न्युनीकरण गर्न कालिका नगर भित्रका सबै बिध्यालयमा रक्तअल्पताको अवस्था जाँच गरी किशोरी को आइरन चक्की बितरण कार्यलाइ प्रभावकारी बनाइनेछ ।

१०. एच. आई. भि.,एम डि आर टि बि, बिषादी न्युनिकरण, स्वास्थ्य शिबिर,रक्तदान,जनचेतना अभिबृद्धी जस्ता क्षेत्रहरुमा बिभिन्न संघ संस्थाहरु सँग साझेदारी गरी कार्य अगाडी बडाइने छ ।

११. कालिका नगरपालिकामा संचालित सबै स्वास्थ्य संस्थाहरुलइ क्रमश डिजिटलाइजेसन गर्न प्रदेश तथा संघ सरकार संग समन्वय तथा कालिका नगरपालिकाका स्वास्थ्य संस्था हरुलाइ क्रमशः पोषण मैत्री स्वास्थ्य संस्थाको रुपमा विकसित गर्दै लगिने छ ।

१२. कालिका नगरपालिकालाइ क्षयरोग मुक्त बनाउन बिशेष अभियान गरी कार्यक्रमहरु संचालन गरिने छ।

१३.नसर्ने रोगहरु,महिलाहरुको पाठेघरको मुखको क्यान्सर जाँच,स्तन क्यान्सर तथा आङ्ग खस्ने समस्याहरुको बेलैमा परिक्षण तथा स्क्रिनिङ्ग सेवालाइ प्रभावकारी बनाउँदै लगिने छ।

१४.स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराउनेको संख्या बृद्धी गर्न,घरमा हुने सुत्केरी रोक्न तथा ५ बर्ष मुनिका वालबालिकाको पोषण अबस्था सुधार गर्नका लागि खाद्य तथा पोषण सुधारका कार्यक्रमहरुलाइ निरन्तरता निरन्तरता दिइनेछ ।

१५.माहामरीजन्य रोगहरुको बिरुद्ध तत्काल रोकथाम तथा नियन्त्रणको लागि आवश्यक कार्यक्रमहरु अगाडी बढाइनेछ ।

१६.मानसिक स्वास्थ्यको क्षेत्रमा ब्यापक जनचेतना तथा मनोसामाजिक परामर्श आवश्यक भएका व्यक्तिहरुलाइ प्रभावकारी परामर्श सेवा उपलब्ध गराइने छ ।

## महिला बालबालिका तथा समाजकल्याणः

१. सङ्घीय सरकारले जारी गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीतिलाइ स्थानीयकरण गरी लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रकृयालाइ सहयोग गर्न लैससास GESI र लैङ्गिक उत्तरदायी बजेट GRB परिक्षण कार्यलाइ निरन्तरता दिइनेछ।

२. बालबालिकासंग उपमेयर कार्यक्रम अन्तर्गत आमा वा बाबु विहिन, भौगोलिक विकटतामा रहेका, सिमान्तकृत तथा विपन्न बालबालिकाहरुको अध्ययनमा सहयोगको लागि निशुल्क शैक्षिक सामाग्रीहरु वितरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

३. अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुचको लागि वडाहरुमा अपाङ्गता परिक्षण तथा परिचयपत्र वितरण घुम्ति शिविर कार्यक्रमहरु निरन्तरता दिइनेछ।

४. अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यकता अनुसारको सहायता सामाग्री वितरण साथै क्षमता विकास तथा सिप विकास कार्यक्रमहरु संञ्चालन गरिनेछ।

५. एकल महिलाहरुको लागि क्षमता विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६. ज्येष्ठ नागरिकहरुलाइ सेवा, सुविधा सहज पहुँचको लागि ज्येष्ठ नागरिक परिचयपत्र वितरण, स्वास्थ्य परिक्षण, विश्राम स्थल, पुस्तान्तरण बीच अनुभव आदान प्रदान, धार्मिक भ्रमण तथा सम्मान कार्यक्रमहरु संञ्चालन गरिनेछ।

७. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु र ज्येष्ठ नागरिक सम्बन्धि दिवसीय कार्यक्रमहरुलाइ निरन्तरता दिइनेछ साथै आवश्यकता अनुसार मनोपरामर्श सेवा उपलब्ध गराइनेछ।

८. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, विपन्न, असाहय, दलित, आदिवासी, जनजाती तथा सिमान्तकृत महिला, द्धन्द पिडित तथा प्रभावित महिला तथा बालिका, लैङ्गिक अल्पसंख्यकहरुलाइ टेवा पुग्ने खालका सीपमुलक तथा क्षमतामुलक कार्यक्रमहरु संञ्चालन गरिनेछ।

९. नगर/वडा स्तरमा नेतृत्व विकास, क्षमता विकास तथा विभिन्न कानूनी सचेतनामुलक कार्यक्रमहरु संञ्चालन गरिनेछ।

१०.किशोर किशोरीहरुको लागि लोकसेवा तयारि कक्षा, पाक शिक्षा, वारिष्टा, व्युटिसियन, ड्राइभिङ लगायत स्वरोजगार गराउने लगायतका कार्यक्रमहरु तर्जुमा गरि संञ्चालन गरिनेछ।

११.लैङ्गिक हिंसा निवारणका लागी हिसाजन्य दुर्व्यवहार, जोखिममा परेका महिलाहरुलाई तत्काल उद्धार गर्न लैङ्गिक हिंसा निवारण कोष तथा बालबालिकाहरुका लागि बाल संरक्षण कोष परिचालन गरिनेछ।

१२.बालविवाह, बालश्रम तथा लागुऔषध दुर्व्यसनीको निरुत्साहन हुने खालका कार्यक्रमहरु संञ्चालन गरिनेछ।

## संघसंस्था/ गै.स.स. तर्फः

१. विपन्न वर्गका लागि गै. स.सँग समन्वय र सहकार्य गरी विपन्न आवास कार्यक्रम सञ्चालन गरिनेछ।

२ .गैरसरकारी संघ संस्थाहरुले नगरपालिका क्षेत्रमा कार्य गर्दा अनिवार्य सूचीकृत गरि नगरपालिका र वडा संगको सहकार्यमा संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

३. गैरसरकारी संस्थाहरुले नगरपालिका क्षेत्रमा पूर्वाधार निर्माण गर्दा नगरपालिकाको नीति भित्र रही संचालन गर्ने नीति अवलम्वन गरिनेछ।

४. नगर सभाबाट प्रार्थमिकता परेका योजनाहरुमा नगरपालिका र गै .स.स. बीच लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ।

५. नगरपालिकाभित्र रहेका टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि गरि परिचालन गर्ने नीति लिइने छ ।

६. स्थानीय तहहरु बीच सहकार्य गरि साझा अवधारणा अघि सारिनेछ ।स्वदेश तथा विदेशमा रहेका स्थानिय सरकारहरु विच भगिनी सम्वन्ध कायम गरिनेछ।

## पर्यटन र सांस्कृतिक विकासः

१. समृद्ध कालिकाको पर्यटन क्षेत्रमा गर्नु पर्ने योजना तथा कार्यक्रमहरुको योजना बैंक किताब तयार गरि अल्पकालिन, दीर्घकालीन महत्वको योजनाहरुलाई प्रथामिकीकरण गरि योजना कार्यक्रमहरु संचालन गर्ने रणनैतिक ब्यवस्था गरिनेछ | सोहि अनुरुप बजेट बिनियोजन गरि कार्यान्वयन गरिनेछ |

२. नगरको पर्यटकिय स्थल **सिन्ती झरना, गैरीवारी झरना, चित्राम झरना, भीमवली तथा उदयपुर** पार्कहरुलाई सबलिकरण गरि आकर्षक, रमणीय र सुरक्षित गन्तब्य स्थलको रुपमा विकास गरिनेछ ।

३. नयाँ पर्यटकिय स्थलहरुको खोजी, विकास तथा सुद्धणीकरण गरि पर्या पर्यटन, धार्मिक तथा अन्य पर्यटकिय क्षेत्र संग सम्बन्धित पूर्वाधार विकासको नीति लिईनेछ |

४. धार्मिक क्षेत्रकाे रुपमा रहेका **कालिका माई भगवती मन्दिर, लट्टेश्वर महादेव, भिमवली वावा, ढोकुन थार्वालिङ गुम्वा लगायत अन्य गुम्वाहरु साथै मठमन्दिर**लाई पर्यटन प्रबर्धनसंग जोडी एकिकृत पर्यटकिय विकासमा जोड दिईनेछ । नगरमा रहेका पुरातात्विक संरचना, मठ मन्दिर, गुम्बा, स्तम्भ, चर्चहरु, संग्रहालयहरु, पानी घट्ट, जस्ता ऐतिहासिक महत्वका क्षेत्रहरुको पहिचान तथा संरक्षण गरिनेछ ।

५. पर्यटन विकासको लागि कालिका नगरपालिका भित्रका पर्यटकिय क्षेत्रहरुको आधुनीक प्रविधी मार्फत प्रचार प्रसार कार्यक्रम गर्ने र आन्तरिक तथा बाह्य प्रयटकको लागि ग्रमिण पूर्वाधार विकास गरिनेछ ।

६. साँस्कृतिक संरक्षण तथा संम्बर्धनको नीति लिदै सामाजिक तथा सास्कृतिक रुपान्तरण मार्फत सुरक्षित तथा सभ्य समाज निर्माण गरिनेछ।

७. लोपोन्मुख, सिमान्तकृत, अति सिमान्तकृत, सुविधा बाट बञ्चित, आदिबासि जनजाति, दलित लगायतका चाडबाड, प्रथा परम्परा, भेषभुषा, बाध्यवादन सामाग्री र रितिरिवाजलाई नगरपालिकाको पहिचान तथा गौरवको रुपमा विकास गर्दै पर्यटन संग जोड्ने निति लिइनेछ ।

**<u>सुरक्षीत आप्रवासन सम्वन्धी कार्यक्रमहरुः</u>**

१. सुरक्षित आप्रवासन कार्यक्रम (SaMi) अन्तर्गत सामुदायिक मानसिक स्वास्थ्य ,विद्यालय मानसिक स्वास्थ्य,आत्महत्या रोकथाम, बालबालिका तथा किशोरकिशोरी मानसिक स्वास्थ्य, जेष्ठनागरिक मानसिक स्वास्थ्य, अपाङ्गता भएका व्यक्तिहरूको मनोपरामर्श लगायत टेलिमेन्टल हेल्थ सेवा जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

२. बैदेशिक रोजगारमा रहेका परिवार, वैदेशिक रोजगारमा जान चाहाने, बैदेशिक रोजगारबाट फर्केकालाई रोजगार, सिपमुलक तथा आयमूलक तथा अभिमुखिकरण कार्यक्रम संञ्चालन गरिनेछ ।

**<u>पञ्जीकरण तथा सामाजिक सुरक्षाः</u>**

१. व्यक्तिगत घटना दर्ता सम्बन्धि विभिन्न सचेतनामूलक कार्यक्रम टोल तथा बिद्यालय स्तरमा सञ्चालन गरिने छ ।
२. सामाजिक सुरक्षा भत्ता वितरणमा पूर्ण रुपमा EFT (विद्युतिय भुक्तानी प्रणाली) अवलम्बन गरी सकिएकोमा यसलाई थप प्रभावकारी र सुदृढ गराउँदै बायोमेट्रिक प्रमाणीकरण प्रणाली पनि व्यवस्थित गरि पूर्ण रुपमा लागु गरिने छ ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली नियमित रुपमा प्रकाशन गरिने छ ।

४. स्थानीय पञ्जिकाधिकारी तथा पञ्जीकरण सम्बन्धी काम गर्ने कर्मचारीका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।

५. व्यक्तिगत घटना दर्ता तथा यसको अभिलेखको प्रभावकारी ढंगले व्यवस्थापन गर्नका लागि थप पहल गरिनेछ ।

६. नगरपालिकाका सवै नागरिकहरुलाई घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गराउनको लागि महिला स्वयंसेविका र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई परिचालन गर्ने र बालबालिकाहरुलाई दिइने दोस्रो खोपका लागि अनिवार्य रुपमा जन्मदर्ता प्रमाण पत्र पेश गर्नुपर्ने व्यवस्था मिलाउने गरी पाँच वर्षभित्रका सबै बालबालिकाहरुको जन्मदर्ता गर्ने व्यवस्था गरिनेछ ।

## कृषि विकासः

१. **"आर्थिक समृद्धिको आधार, कृषि तथा पशुपालन क्षेत्र बिस्तार"** को नीति लिई खाद्यान्न, तरकारी, फलफुल तथा दुग्धजन्य र मासुजन्य उत्पादनमा वृद्धि गरी आत्मनिर्भर बनाइनेछ । आधुनिक कृषि प्रविधि तथा उपकरणको प्रयोग गरी निर्वाहमुखी खेतीलाई व्यवसायिकरण गरिनेछ।

२. कृषि क्षेत्रलाई आर्थिक विकासको प्रमुख संवाहकको रुपमा लिई कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषकहरुलाई सहुलियतमा उन्नत बीउ, मल एवं प्राविधिक सहयोग उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। आर्थिक सामाजिक रुपमा विपन्न वर्गहरुलाई मागको आधारमा विशेष कृषि विकास कार्यक्रम उपलब्ध गराइनेछ।

३. देश भित्र तथा बाहिर विकास भएका नवीनतम कृषि प्रविधिहरुको स्थानीय स्तरमा परीक्षण गरी स्थानीय भुगोल सुहाउँदो कृषि प्रविधिहरुको प्रयोगमा जोड दिइनेछ।

४. कृषि क्षेत्रको आधुनिकीकरण गर्न यान्त्रिक उपकरण खरिदमा अनुदान दिने नीतिलाई निरन्तरता दिईनेछ ।

५. व्यावसायिक रुपमा कृषि उत्पादन गरी रोजगारी सृजना गर्ने र सामूहिक खेती गर्ने कृषक समूहहरुलाई विशेष प्राथमिकतामा राखिनेछ । व्यावसायिक कृषिका लागि आवश्यक कृषि पूर्वाधारहरुको विकास गर्दै लगिनेछ।

६. कृषि कार्यलाई उद्यमशिलाताको रुपमा स्थापना गर्न तथा नयां प्रविधिको अनुशरण गराउन तालिम, गोष्ठी, अभिमूखीकरण, भ्रमण, कृषि मेला जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

७. व्यावसायिक तरकारी तथा फलफूल उत्पादनलाई थप प्रभावकारी बनाउन प्राबिधिक सहयोग, गुणस्तरिय बिउ, बिजन/बिरुवा, भण्डारण तथा बजारीकरणमा आवश्यक सहयोगको व्यवस्था मिलाईनुका साथै उन्नत बिउ/बेर्नाको श्रोत केन्द्र स्थापना गरी संचालन गर्न प्रोत्साहित गरिनेछ।

८. कृषि क्षेत्रमा बढ्दो रासायनिक बिषादीको प्रयोगले मानव स्वास्थ्य लगायत वातावरणलाई समेत असर पुग्ने भएकोले त्यसको प्रयोगलाई न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै विषादीका विकल्पको रुपमा जैविक तथा बानस्पतिक विषादी र आइ पि एम सामग्रीहरुको प्रयोगलाई प्राथामिकता दिईनेछ ।

९. फुल एवं मालाहरु देश बाहिर समेत निर्यात गर्न सफल बनेको पुष्प व्यवसायलाई कृषक, सहकारी संस्था तथा कृषि फर्महरुसँग सहकार्य गरी प्रवर्द्धन एवं क्षेत्रविस्तार सँगै थप व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१०. बाली संरक्षण र उत्पादनोपरान्त क्षति न्युनिकरणका लागि कृषकहरुलाई बिभिन्न प्रबिधि र सिप बिकास तालिम आयोजना गरिनेछ ।

११. फलफूल तथा नगदे बालीहरुको उत्पादनमा आत्मनिर्भर बनाउन विभिन्न फलफूल जस्तै केरा, कागती, ड्रागन फल, आदीको प्रवर्द्धनमा विशेष जोड दिईनेछ ।

१२. जैविक विविधता संरक्षणका लागि स्थानीय रैथाने बालीहरुको उत्पादन प्रवर्द्धनका लागि विशेष ध्यान दिइनेछ।
मौरीपालनको हवको रुपमा स्थापित भईसकेको यस नगरपालिकामा मौरी पालनलाई थप व्यवस्थित गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ।

१३. कृषिमा क्षेत्रमा प्रयोग हुने विभिन्न रसायनहरको कारणले अम्लियपना तथा क्षारियपनाबाट ग्रसित खेती योग्य जमिनहरुको जाँच पहिचान गरी त्यसको सुधारको उचित प्रबन्ध मिलाइनेछ। माटो परीक्षण नतिजाको आधारमा आवश्यक कृषि चुन तथा जिप्सम सहुलियतमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

१४. कालिका नगरपालिकाका किसानहरुको विस्तृत विवरण सहित उचित वर्गीकरण गरी कृषक परिचय पत्र प्रदान गर्ने उद्देश्य राखी सङ्घीय सरकारसँग सहकार्य गरी किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

१५. कालिका नगरपालिकाभित्र तरकारी खेतीलाई थप व्यावसायिक बनाइ उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषकको आयआर्जन अभिवृद्धि र कृषि उद्यमशीलताको विकास गर्न सम्भावना भएका क्षेत्रमा तरकारी पकेट विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१६. कृषि उत्पादनमा वृद्धि ल्याउन सतह सिंचाई तथा भुमिगत सिंचाईलाई थप विस्तार तथा मर्मत सुधार गरिनेछ ।

**पशुपन्छी विकासः**

१. पशुपन्छीका विभिन्न रोगहरुको निदान, उपचार तथा रोकथाम गरी स्वच्छ उत्पादनमा जोड दिँदै पशुपन्छीलाई आवश्यक पर्ने खोप तथा औषधीको निशुल्क व्यवस्था मिलाइने छ ।

२. पशुमा नश्ल सुधार गरी उत्पादकत्व वृद्धि गर्नको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी उन्नत नश्लका पशुहरुको संख्या वृद्धिमा जोड दिइने छ । यसका लागी नगरबाट परिचालित कृत्रिम गर्भाधानकर्ताको कार्यलाई थप सुदृढिकरण गर्दै लगिने छ साथै नगर भित्र रहेका तालिम प्राप्त कृत्रीम गर्भाधान कार्यकर्ताहरुलाई समेत परिचालनमा निरन्तरता दिइनेछ ।

३. नगरभित्रका दुध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप दुग्ध उत्पादक सहकारी संस्था मार्फत उत्पादनमा प्रोत्साहन स्वरुप दिदै आएको अनुदान रकमलाई वृद्दी गरिने छ ।

४. उत्पादन लागत कम गर्नको लागि घाँसमा आधारित पशुपालन तर्फ कृषकहरुलाइ आकर्षण गर्न घाँसको बिउ निशुल्क वितरण गरिने छ । साथै मागबमोजिमका ब्याबसायिक पशुपालन सम्बन्धी तालिम, घरदैलो पशु उपचार सेवा, सेवाको पहुँच पयार्प्त नहुने ठाँउमा पशु स्वास्थ्य शिविर जस्ता कार्यक्रमलाई जोड दिदै लगिने छ ।

५. आधुनिक पशुपन्छी पालन तथा पशुपन्छीजन्य उत्पादनको लागि आवश्यक यन्त्र, उपकरणहरुमा अनुदान साथै गोठ निर्माण/ खोर निर्माण / बायोफ्लक, माछा पोखरी निर्माण तथा सुधारको लागि अनुदान दिने नीतिलाई मागबमोजिम निरन्तरता दिईने छ । साथै बिगत बर्षहरुमा नगरपालिका बाट अनुदान वितरण भएका वस्तु तथा उपकरणहरुको अनुगमन गरी अभिलेखिकरण गरिने छ ।

६. व्यवसायीक पशु पालक कृषक तथा दुग्ध उत्पादक सहकारी संस्थाहरुलाइ स्वच्छ दुग्ध उत्पादन, प्रशोधन, विविधीकरण तथा बजारीकरणमा प्रोत्साहनका साथै आवश्यक अनुगमन एबम तालिमको प्रबन्ध मिलाइने छ ।

७. नेपाल सरकारले प्राथमिकतामा राखेको जुनोटिक रोग रेबिज उन्मुलनका लागि रेबिज विरुद्दको खोप कार्यलाई प्रभावकारी बनाउदै नगर भित्रका सामुदायिक कुकुर तथा बिरालोहरुको बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिईने छ । साथै जनस्वास्थ्यसँग जोडिएको रेबिज उन्मुलनका लागी सरोकारवालाहरु सँगको अभिमुखिकरण गोष्ठि एबम् जनचेतना अभिबृद्दिका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**खाद्य सुरक्षाः**

१. **"मिठो मसिनो खाँउ, पोसिलो खाँउ तर खाना नफालौं"** भन्ने नाराका साथ नगरबासीलाई अर्गानिक उत्पादन गर्ने, पोसिलो खाना खाने, खानाको सम्मान तथा बचत गर्ने बानी तथा संस्कार विकास गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

२. नगरबासीलाई जग्गा बाँझो नराखी घरघरमा करेसाबारी बनाउन, रैथाने बाली लगाउन र अन्नको मान राख्न, परिवार तथा समुदायमा खाना नफाल्ने संस्कार सिकाउन अनुरोध एवम् प्रोत्साहित गरिनेछ ।

३. विवाह, व्रतवन्ध, भोजभतेर, बनभोज तथा पार्टी प्यालेसमा खाना फाल्नेलाई नियमन गर्न कार्यविधि बनाई लागु गरिनेछ । यसको लागि विद्यालय तथा टोलस्तरमा खाद्य सुरक्षा, खाद्य संस्कार (बानी) सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

३. आयोजकलाई स्वागतद्वारमै खाना नफाल्न अनुरोध गरिएको तुल, ब्यानर वा सूचना राख्न अनुरोध गरिनेछ ।

४. सार्वजनिक स्थलमा धुम्रपान, मध्यपान तथा गुट्खा सेवन गर्न बन्देज लगाईनेछ । नागरिकको स्वास्थ्यमा प्रतिकुल असर पार्ने खाद्य तथा पेय पदार्थको बिक्री वितरण तथा विज्ञापन गर्नेलाई कानून बमोजिम कारवाहीको दायरामा ल्याइनेछ ।

## उद्योग व्यवसाय, उद्यमशीलता विकास, रोजगार तथा आयआर्जनः

१. कालिका नगरपालिका क्षेत्रमा घोषणा गरिएको औद्योगिक क्षेत्रलाई सञ्चालनमा ल्याउन संघ/ प्रदेश सरकारसंग समन्वय र निजीक्षेत्रसँग सहजीकरण गरि अगाडि बढाईनेछ ।

२. कालिका नगरपालिका क्षेत्र भित्रका उद्योग व्यवसायको सूचीकृत गरि उत्पादनको प्रवर्धन गर्न सहकार्य गरिने छ । उत्पादन वृद्धि तथा प्रशोधनका लागि संस्था र पालिकाको सहकार्यमा प्रविधिमा अनुदान उपलब्ध गरिनेछ ।

३. स्थानीय श्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी स्थानीय तथा क्षेत्रीय विकासमा उद्यमशिलता क्षेत्रको प्रवर्द्धन गरिनेछ ।

४. आगामी वर्षमा ७०० जना युवा युवती विपन्न र बेरोजगार व्यक्तिहरुलाई उद्यमी बनाउने गरी सीप, क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

५. मेड्पा मोडेलमा नया उद्यमी सृजना तथा स्तरउन्नतिका कार्यक्रम संचालन गरिने छ |

६. सीप विकास प्राप्त गरी व्यवसाय सञ्चालन गरेका र पूँजीको अभावमा व्यवसाय सञ्चालन गर्न नसकेका व्यक्तिहरुलाई पुनर्ताजगी / स्तर उन्नतीका साथै समूहगत रुपमा बिऊ पुँजी उपलब्ध गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
७. समुहगत प्रविधि हस्तान्तरण कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

८. नगर क्षेत्रभित्र प्रशोधित उद्योग स्थापना गर्न जोड दिईने छ ।

९. नवीनतम प्रविधि मार्फत उत्पादन गर्ने उद्योग व्यवसायलाई दिगो , सक्षम र भरपर्दो बनाई उत्पादकत्व वृद्धि गर्न प्रोत्साहित गरिनेछ ।

१०. स्थानीय स्तरमा उत्पादित सामाग्रीहरुको प्रचार प्रसार र बजारीकरणको लागि **कोशेली घर** व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

११. स्वरोजगारीको अवसर सिर्जना गर्न उद्योग व्यवसायमा सिर्जनशील युवा प्रतिभालाई आकर्षित गर्न उद्यमशीलता विकास तथा कुशल उद्यम व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका कृयाकलापलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

१२. नगर भित्रका व्यापारी व्यवसायीहरुको छाता संगठन कालिका उद्योग वाणिज्य संघ गठन गरि उद्योगी व्यवसायी संग समन्वयात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

१३. राष्ट्रिय रोजगार कार्यक्रम मार्फत रोजगारीको अवसर सिर्जना गरिनेछ । नगरपालिकावाट विनियोजित बजेट कार्यक्रम राष्ट्रिय रोजगार कार्यक्रमलाई आवश्कता अनुसार संयोजन गरी प्रभावकारी कार्यान्वयनमा जोड गरिनेछ ।

## सहकारीः

१. बचत तथा उद्यममा लगानी गर्ने बानी बसाउन गाँउमा छरिएर रहेको पूँजी सङ्कलन, परिचालन तथा वित्तीय साक्षरता बढाउन सहकारी संस्थाहरुको दर्ता अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

२. सहकारीलाई कृषि, उद्यम तथा व्यवसाय गर्न **किसानको साथी**को रुपमा विकास गरिनेछ ।

३. सहकारी दर्ता अनुगमन र नियमन कार्यलाई बढी प्रभावकारी बनाईने छ । **सहकारी सहकारी बीच एकीकरण** गर्ने कार्यलाई प्राथमीकता दिईनेछ ।

४. सहकारी सस्थाको कारोवार प्रणालीलाई व्यवस्थित गर्ने कोपोमिसलाई अनिवार्य गरिने छ । हरेक सहकारीले आ-आफ्ना विवरण कम्प्युटरमा अनिवार्य राख्ने व्यवस्था मिलाईने छ ।

५. सहकारी / सहकारी बीच समन्वय र सहकार्यको वातावरण मिलाईने छ ।

६. वित्तीय सुधार तथा आय आर्जनमा सहकारीको लगानी केन्द्रित रहन उद्यमशिलतामा जोड दिइनेछ ।

७. सहकारीका व्यवस्थापक तथा संचालकहरुलाई समसामयिक बिषयमा तालिम उपलब्ध गराईने छ ।

## पूर्वाधार विकासः

१. नगरपालिकाको पूर्वाधार क्षेत्रमा गर्नु पर्ने योजना तथा कार्यक्रमहरुको योजना बैंक किताब तयार गरि अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालीन महत्वको योजनाहरुलाई प्रथामिकिकरण गरि योजना कार्यक्रमहरु संचालन गर्ने रणनीति लिइ सोहि अनुरुप बजेट बिनियोजन गरि कार्यान्वयन गरिनेछ ।

२. नगरपालिकाको मुख्य सडक नगरपालिका गेट देखि खोलेसिमल कमलचोक जुटपानीबजार बजार हुँदै शक्तिखोर सडक स्तरोन्नती कार्याक्रमलाई निरन्तरता दिई सोहि अनुसार योजना कार्यान्वयन गरिनेछ।

३. नगरपालिका संग जिल्ला सदरमुकाम जोडिने सडक कमलचोक, समिपुर विधालय हुँदै खगेरी पुल सम्मको सडक, रत्ननगर शक्तिखोर सडक स्तरोन्नती, समिपुर विद्यालय पूर्व घोल लाइनिङ साथै नगर क्षेत्रका अन्य सडकहरु, कयर तथा अन्य खोलाहरु तथवन्धन, सतही सिंचाइ तथा भुमिगत सिंचाइ कुलो लाइनिङ, पाइप लाइन तथा चेम्वर निर्माण गर्ने कार्यक्रमलाई प्राथमिकता गरि योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

४. ९ नं. सडक तथा अन्य आवश्यकता अनुसार अन्य मुख्य सडकहरुको सबलिकरण गर्ने कार्याक्रमलाई निरन्तरता दिईनेछ। यसै गरि अन्य मुख्य र शाखा सडकहरुलाई पनि स्तरोन्नती गरिनेछ। भित्रि बाटोहरुमा ढलान गर्ने वा इन्टरलक टाईलको निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

५. कालिका नगरपालिका १० नं वडा कयर खोला पुलमा निर्माणधिन सडक पुललाई निर्माण सम्पन्न गरि सडक आवागमन संचालन गरिनेछ र उक्त पुल मार्फत चौकीडाँडा जोड्ने सडक संजाललाई स्तरोन्नती गर्ने कार्यक्रममा जोड दिईनेछ।

६. बढ्दो जनघनत्व र शहरिकरण उन्मुख नगर क्षेत्रका मुख्य सडक तथा धार्मिक तथा पर्यटन मार्गहरुमा जि.पी.एस. प्रणालीमा आधारित घर नं नामाकरण गर्ने तथा मार्ग दर्शाउने सूचना तथा सडक सावधानि बोर्ड तथा संकेत चिन्ह राख्ने कार्यक्रम संचालन गरि निरन्तरता दिने ब्यवस्था गरिनेछ।

७. कालिका नगरपालिकाको वडा नं ८,९,१० र ११ को पहाडी बस्तीमा खानेपानी र सरसफाईको हालको अवस्था मध्यनजर गरि स्वच्छ खानेपानी सेवाको पहुचमा अभिवृद्धि गर्न पूर्वाधार निर्माण कार्यक्रमहरुलाई निरन्तरता गरिनेछ।

८. एक घर एक धाराको अवधारण सहित खानेपानी विस्तार गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९. कृषि क्षेत्रको प्रवर्द्धन गर्न सतही सिंचाईलाई प्राथमिकता राखी पक्कि सिंचाई कुलो निर्माण गरिने योजनाहरु संचालन गरिनेछ साथै सतही सिंचाई सुविधा नहुने क्षेत्रमा भूमिगत सिंचाई बोरिंग निर्माण कार्य तथा च्यामबार विस्तार कार्यलाई निरन्तरता दिईनेछ । स्यालो तथा डिप बोरिंग योजनाहरु प्रतिस्पर्धात्मक खरिद प्रक्रियाबाट संचालन गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।

१०. बीस लाख रकम भन्दा माथिको योजनाहरुलाई प्रतिस्पर्धात्मक खरिद प्रक्रियाबाट संचालन गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

११. दिगो पूर्वाधार विकासका लागि मर्मत संभार कोषको व्यवस्था गर्ने नीति अवलम्बन गरिने छ ।

१२. खोला नाला बाट विपद जोखिम निम्ताउन सक्ने सम्भावित क्षेत्रमा नदी नियन्त्रणको कार्यक्रम संचालन कार्यक्रमहरुलाई निरन्तरता गरिनेछ ।

१३. सडक वत्तीलाई व्यवस्थीत रूपले सन्चालन गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. टोल विकास संस्था मार्फत विकास निर्माण कार्य हुने व्यवस्था तथा सम्वन्धीत टोल विकास संस्थालाई विकासको कार्यमा अपनत्व वहन हुने हिसावले कार्य सन्चालनको परिपाटी विकास गर्दै लगिनेछ ।

## फोहरमैला व्यवस्थापनः

१. सामुदायिक बन सँगको सहकार्यमा नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागी ल्यान्डफिल साइट व्यवस्था गरी फोहर प्रसोधन केन्द्र स्थापना गरी फोहरमैला व्यवस्थापन गर्ने नीति लिइनेछ ।

२. नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागी निजी क्षेत्र सँग समन्वय र सेवा प्रदायक नियुक्त गरि घर घर बाटै फोहर सङ्कलन, प्रसोधन र व्यवस्थित विसर्जन गर्ने नीति लिइनेछ ।

३. कुहिने फोहरलाई फोहरलाई उत्पादन हुने श्रोतमै कम्पोष्टिङ प्रविधि अपनाई विसर्जन गर्ने र नकुहिने फोहर मात्र सङ्कलन, प्रसोधन र ल्यान्डफिल साइटमा व्यवस्थापन गर्न आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरिने छ ।

४. फोहरमैला, सङ्कलन, प्रसोधन केन्द्र र ल्यान्डफिल साइट व्यवस्थापन / निर्माणका लागी आवश्यक जनशक्ति, साधन, श्रोत व्यवस्थापन गर्न आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरिने छ ।

५. नगरपालिकाको समुदाय स्तरमा हरेक नागरिक तथा सरोकारवाला लाई ३R सिद्धान्त अनुसार श्रोतामै फोहर वर्गीकरण एवं न्यूनिकरण सम्बन्धी क्षमता विकास, अभिमुखिकरण एवं प्रशिक्षण सम्बन्धी आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरिने छ ।

६. नगरपालिकाको सरसफाइ व्यवस्थापन शाखामा आवश्यक जनशक्ति, साधन, श्रोत व्यवस्थापन गर्न आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरिने छ ।

७. टोल विकास समितिहरूलाई  फोहरमैला व्यवस्थापन कार्यमा परिचालन गरी  प्लास्टिक जन्य फोहर प्रसोधन प्रविधि को स्थापना, कुहिने फोहरको व्यवसायिक प्रयोजन एवं उपयोगी बनाउन क्षमता विकास, अभिमुखिकरण एवं प्रशिक्षण सम्बन्धी लागी नीति लिइनेछ ।

८. फोहरमैला व्यवस्थापन कार्यमा हरेक नागरिक तथा सरोकारवाला, टोल विकास समितिहरू एवं स्वयम् सेवी सङ्घ संस्था हरू लाई सहभागी गराई वृहत सरसफाइ अभियान सञ्चालन गर्ने  नीति लिइनेछ ।

## खानेपानी तथा सरसफाइ व्यवस्थापनः

१. कलिका नगरपालिका क्षेत्रभित्रका सबै प्रकारका खानेपानी तथा सरसफाइ संस्था / समितिहरू नियमन र व्यवस्थापन गरिने छ । यसका लागी नगरस्तरीय खानेपानी बोर्ड गठन गरी खानेपानी तथा सरसफाइ  क्षेत्रको दिगो व्यवस्थापन गर्ने नीति लिइनेछ ।

२. नगरपालिका क्षेत्रभित्रका सबै प्रकारका खानेपानी तथा सरसफाइ संस्था / समितिहरूको संस्थागत क्षमता अभिवृद्धि योजना तथा कार्यक्रम तर्जुमा गरिने छ ।

३. खानेपानीका श्रोतहरू एवं मौजुदा खानेपानी योजनहरूको संरक्षण गरी दिगो र  सुरक्षित पिउने पानी उपलब्ध गराउन आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरिने छ ।

४. खानेपानी परिक्षण प्रयोगशाला लाई व्यवस्थित गरी खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि बमोजिम गुणस्तर परीक्षण सेवा सञ्चालन गरिनेछ ।

५. खानेपानी सरसफाइ तथा स्वच्छता (WASH) कार्यक्रम मार्फत स्वच्छ, सफा र वातावरण मैत्री र बालमैत्री कालिका नगरपालिका बनाउने नीति लिइनेछ ।

## बन व्यवस्थापनः

१. कलिका नगरपालिका क्षेत्रभित्रका सबै प्रकारका बन ( सामुदायिक, कबुलियती, निजी आदी ) लाई नियमन र व्यवस्थापन गरिने छ । यसका लागी नगरस्तरीय सामुदायिक एवं अन्य बन उपभोक्ता महासङ्घको गठन गठन एवं संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यक्रम तर्जुमा गरिने छ ।

२. बन क्षेत्रको विकास र संरक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरि सामुदायिक बनमा फलफूल तथा जडिबुटी खेती प्रबर्द्धन गर्ने एवं उत्पादित फलफूल तथा जडिबुटी सङ्कलन, प्रसोधन र बजारिकरण साथै आय आर्जन तथा जिविकोपार्जन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने कार्यक्रम तर्जुमा गरिने छ ।

३. कलिका नगरपालिका क्षेत्रभित्रका सबै प्रकारका सार्वजनिक जमिनहरू संरक्षण तथा उपयोग नीति लिइनेछ

४. बन कार्ययोजना पूर्व स्वीकृति र स्वीकृत कार्ययोजना कार्यान्वयनको अनुगमन गर्ने ब्यवस्था गरिनेछ ।

## वातावरण संरक्षणः

१.**"स्वच्छ कालिका, हरित कालिका"** नारालाई आत्मसात् गर्दै कालिका नगरपालिका भित्रको वन, वातावरण, वन्यजन्तु र जलाधार क्षेत्रको संरक्षण, पोखरी निर्माण, मूल तथा सिमसार संरक्षण, वन तथा वनस्पतिको संरक्षण र दिगो उपयोग मार्फत आय आर्जन, उपयोग, रोजगारी सिर्जना गर्ने गरी हरित अर्थतन्त्रको नीति लाई निरन्तरता दिइनेछ ।

२.वातावरण मैत्री पूर्वाधार विकासमा जोड दिदैं नगर गौरवका योजना एवं नगरस्तरीय पूर्वाधारहरूको विकास पूर्व वातावरणीय अध्ययन गर्ने एवं वातावरणीय अध्ययन प्रतिवेदनका का आधारमा वातावरण संरक्षण सम्बन्धी कार्यहरूलाई प्राथमिकता का साथ अवलम्बन गर्दै योजना निर्माण तथा सञ्चालन गर्ने नीति लिइनेछ ।

३. निर्माण सम्पन्न नगर गौरवका योजना एवं नगरस्तरीय पूर्वाधारहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गरी सो का आधारमा वातावरण संरक्षण गर्ने नीति लिइनेछ ।

४. विषादी तथा प्लास्टिक जन्य सामग्री प्रयोगमा न्यूनिकरण गर्ने नीति लिइनेछ ।

५.भूक्षय नियन्त्रण र पानीका श्रोतहरू संरक्षण गर्न जलाधार क्षेत्रमा वृक्षारोपण गर्ने नीति लिइनेछ । कृतिम ताल तलैयाहरू विकास सँगै जमिनमा पानी रिचार्ज गर्ने प्रणालीको विकास गर्ने नीति लिइनेछ ।

६.कालिका नगरपालिका भीत्र विभिन्न कार्यक्रम तथा ब्यबसाय सञ्चालन गर्ने सबै सरोकारवाला निकाय, निजी क्षेत्र तथा कार्यक्रम सञ्चालकले "कालिका न.पा. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन – २०८१" को प्रावधान बमोजिम सञ्चालन पूर्व वातावरणीय अध्ययन स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने वा अनुमति प्रदान गर्ने नीति लिइनेछ ।

७.**"हरित कालिका अभियान"** अन्तरगत कलिका नगरपालिका क्षेत्रभित्रका सबै घरधुरी हरूमा एक घर दुई फलफूल बिरुवा ( बहु वर्षीय ) अनिवार्य हुर्काउनु पर्ने नीति लिइनेछ ।

८.सफा उर्जा र सफा उर्जा सँग सम्बन्धित सामाग्रीहरू प्रयोगमा अनुदान एवं साझेदारी कार्यक्रम सञ्चालन गर्ने ब्यवस्था गरिनेछ ।

९.पशुपालन गर्ने किसानहरूलाई बायोग्यास निर्माण गरी शौचालय समेत जोड्ने कार्यमा प्रोत्साहन गरी अनुदान समेतको व्यवस्था गर्ने नीति लिइनेछ ।

## विपद् व्यवस्थापनः

१.विपद व्यवस्थापन सम्बन्धमा नगर, तथा वडा स्तरीय विपद व्यवस्थापन समितिहरू लागयत सम्बन्धित सरोकार वाल एवं संस्थागत संरचनाहरूको क्षमता विकास, अभिभुखिकरण एवं प्रशिक्षण सम्बन्धी आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरिने छ ।

२.कालिका नगरपालिकाका वडा नं ५, ४, ३ र २ क्षेत्रमा पर्ने थाङ खोला र कयर खोला समेतमा व्यवस्थित नदि नियन्त्रण कार्य गर्दै बुङ्खोला डाइभर्सन गरी बाढी जन्य विपद व्यवस्थापन गर्ने नीति लाई निरन्तरता दिइनेछ ।

३.खगेडी खोलाको च्यानल सफाइ र चौडा गरी बहाव सहज बनाउने एवं सम्भावित विपद न्युनिकरन गर्ने योजना तथा कार्यक्रम तर्जुमा गरिने छ ।

४.कलिका नगरपालिका क्षेत्र का मुख्य खोलाहरूमा विपद पर्व सूचना प्रणाली जडान गरी बढि जन्य विपद व्यवस्थापन गर्ने एवं बन डढेलो नियन्त्रण, चटयाङ सुरक्षा, खडेरी, जङ्गली जनावर आतङ्क जस्ता विपद व्यवस्थापन सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरिने छ ।

५.नगरपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्र लाई पूर्ण व्यवस्थापनका साथ सञ्चालन गर्न आवश्यक जनशक्ति, साधन, श्रोत व्यवस्थापन गर्ने आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरिने छ ।

६.विपद पुर्व तयारी एवं व्यवस्थापनका लागी आवश्यक उपकरण तथा सामग्रीहरू खरिद गरी भण्डारण गरिने छ ।

७.प्रकृतिमा आधारित समाधानका उपायहरू अवलम्वन एवं यस सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरिने छ ।

८.नगरका ११ वटै वडाहरूमा समुदायस्तरमा, विद्यालयहरूमा विपद् न्यूनीकरण, प्रतिकार्य, खोज उद्दार सम्बन्धी सचेतना कार्यक्रम र सिमुलेसन अभ्यासहरू सञ्चालन गरिनेछ । सबै वडामा न्यूनतम विपद् खोजउद्दार तथा राहत सामाग्री मौज्दात राखिनेछ । विपद् उत्थानशिल योजनाको कार्यान्वयन गरिनेछ ।

९.विपद् प्रभावितहरूलाई तत्काल राहत, पुनर्स्थापना तथा पुनर्निमाणका लागि विपद् व्यवस्थापन कोषको परिचालन गरिनेछ ।

१०. जलवायु परिवर्तन अनुकुलन विपद उत्थानसिल योजना तथा कार्यक्रहरु तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

## शहरी बिकास तथा भवन निर्माणः

१. नगरपालिका क्षेत्र भित्र भवन तथा संरचना निर्माण गर्दा नक्सा पासलाई कडाई साथ लागु गरिनेछ। नक्सा पास प्रविधि मैत्री बनाई डिजिटल / अनलाइन प्रविधी बाट घर नक्शापास (ई-विपिएस) प्रणाली को व्यवस्था एवं नक्सा पास भएको कागजातहरुलाई डिजिटाइजेशन गरी सुरक्षित राख्ने व्यवस्था गरिनेछ।

२. निजी जमिनमा नक्सा पास नगरी निर्माण सम्पन्न भएका घर तथा भवनलाई दर्ता गरी राजश्व एवं सम्पत्ती कारको दायरा भित्र ल्याउनुपर्ने आवश्यकता लाई मध्यनजर गरी भवन अभिलेखीकरण / नियमित गरी "निर्माण सम्पन्न भवन दर्ता प्रमाण पत्र" प्रदान गर्ने व्यवस्था गरिनेछ ।

३.भवन संहिता पालनाको लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४.नगरपालिका क्षेत्र भित्रका हरेक **घरधुरिलाई घर नम्वर, सडक नामाकरण र GPS Location सहित को Digital Platform मा प्रबिष्ट गरी डिजिटल परिचय पत्र** सहितको भौगोलिक सूचना तथा शहरी ठेगाना प्रणाली स्थापना गरी सञ्चालन गरिनेछ ।

५.सडक दुर्घटना न्युनिकाण गर्ने उदेश्य एवं डिजिटल परिचय पत्र सहितको भौगोलिक सूचना तथा शहरी ठेगाना प्रणाली लाई अझ परिस्कृत गरी सञ्चालन गर्न सडक तथा चोकहरुको नामाकरण, ट्राफिक संकेत तथा सडका मार्किङ गर्ने गर्ने नीति लिनइने छ ।

६.सडक दुर्घटना न्युनिकाण गर्ने उदेश्य "स्थानीय सडक सुरक्षा समिति" र "सडक सुरक्षा मञ्च" गठन गरी आवश्यक कार्य सञ्चालन गरिनेछ ।

७.नगरपालिका णीत्र निर्माण हुने पुर्वाधार हरुको गुणस्तर सुनिस्चितता गरी दिगो पुर्वाधार निर्माण गर्ने उदेश्यले प्रयोगसाला स्थापना गरी निर्माण सामगी एवं निर्माण गुणस्तर परिक्षण गर्ने व्यवस्था गरिनेछ ।

## स्थानीय भू-उपयोग, भूमि व्यवस्थापनः

१.भु उपयोग नीति र मापदण्डको प्रभावकारी कार्यन्वयन गरिनेछ । भुउपयोग योजना अनुसार वस्ती विकास साथै पूर्वाधार विकास गर्ने नीति लिनइने छ ।

२.नगरपालिका क्षेत्रको भू उपयोग नक्शाङकन कार्य र कित्तागत विवरण तयार गरी जग्गा वर्गिकरण गरिनेछ। र सोही अनुसार योजना कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । कृषि क्षेत्रमा जग्गा वर्गिकरण भएका कृषकहरुलाई कृषि तथा पशु पालन सम्बन्धी अनुदानमा प्रार्थमिकता दिइने कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

३.जग्गाको उचित उपयोग र वैज्ञानिक तवरले व्यवस्थापनको लागि जग्गा विकास सम्बन्धी कार्यविधि एवं निर्देशिका हरुको तर्जुमा गरी लागु गरिनेछ । साथै विकास सम्बन्धी उचित तवरले राजश्वका दरहरु निर्धारण गरिनेछ ।

४.कालिका नगरपालिका क्षेत्र वसोवास गर्ने भूमिहिन दलित भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको लगत कायम भएका व्यक्तिहरुलाई भूमि आयोगसंग समन्वय गरी नियमानुसार

**जनशक्ति व्यवस्थापन, सूचना प्रविधि तथा विद्युतीय शासन :**

१. नेपालको संविधान र प्रचलित कानून बमोजिम नगरपालिकालाई प्राप्त अधिकार र कार्य जिम्मेवारीलाई छिटो, छरितो र प्रभावकारी बनाई नगरबासीलाई अनुभुत हुने गरी काम गर्न सक्ने गरी जनशक्ति प्राप्ति, क्षमता विकास र सूचना प्रविधिको उपयोग गरिनेछ ।

२. नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गरी विद्युतिय सुशासन प्रवर्धन गरिने छ ।

३. डिजिटल शहरी सुरक्षा प्रणालीका लागि जडान भएका सिसिटिभी चुस्त-दुरुस्त राख्न दीर्घकालीन रुपमा मर्मत संभार, आवश्यकता अनुसार थप गर्ने , स्थरवृद्धी लगायतका कार्य गर्ने आवश्यक प्रबन्धलाई निरन्तरता दिईनेछ ।

४. नगरपालिकाको गतिविधि, सूचना तथा जनचेतनामुलक सामाग्री प्रकाशन तथा प्रसारण गर्न स्थानीय सञ्चारमाध्यमहरूलाई प्राथमिकता दिई समन्वय तथा सहकार्य गरिनेछ । राष्ट्रियस्तर सञ्चारमाध्यमबाट प्रकाशन गर्नुपर्ने सूचना प्रकाशनका प्रतिस्पर्धाको आधारमा प्रकाशन तथा छनौट गरिनेछ ।

**न्याय तथा मेलमिलाप :**

१.मेलमिलापको माध्यमबाट विवाद समाधानलाई प्रभावकारी तुल्लाई शिघ्र न्याय सम्पादन गरिनेछ ।

२.न्यायिक तथा वडा मेलमिलाप केन्द्रलाई व्यवस्थित र प्रभावकारी र समुदायको पहुँचमा जोड दिईनेछ ।

३.मेलमिलाप कार्यसम्पादनको प्रभावकारीताको लागि मेलमिलापकर्ताको क्षमता अभिबृद्धि कार्यक्रम संञ्चालन गरिनेछ ।

४.कानूनी साक्षरता कार्यक्रम कार्यान्वयन गर्न विद्यालयहरुसंग सहकार्य र समन्यन गरिनेछ।

५.इजलास तथा मेलमिलाप केन्द्रको आवश्यक पूर्वाधार निर्माण तथा आवश्यक सामाग्रीको व्यवस्थापन गरिनेछ।

**राजश्व सम्बन्धीः**

१. **प्रोत्साहनात्मक कर छुट नीतिः** प्रथम त्रैमासिकभित्र सम्पत्ति कर, भूमिकर, व्यवसाय कर तथा घरभाडा कर भुक्तानी गर्ने करदातालाई प्रचलित कानुन बमोजिम निर्धारित छुट प्रदान गरिनेछ।

२. **असल करदाता पहिचान कार्यक्रमः** नियमित तथा समयमै कर भुक्तानी गर्ने करदाताहरूको पहिचान गरी वडा कार्यालयमार्फत विशेष स्टिकर प्रदान गरिनेछ।

३.**राजस्व प्रशासनको डिजिटल रूपान्तरणः** राजस्व संकलन तथा व्यवस्थापन कार्यलाई नेपाल सरकारद्वारा सञ्चालित 'सूत्र राजस्व व्यवस्थापन प्रणालीमा आबद्ध गरी पूर्ण रूपमा डिजिटल प्रणालीमार्फत सञ्चालन गरिनेछ।

४.**नगदरहित कारोबार प्रवर्द्धनः** QR कोड, मोबाइल बैंकिङ, विद्युतीय भुक्तानी प्रणाली लगायतका माध्यमबाट कर तथा शुल्क भुक्तानी गर्न सकिने व्यवस्था मिलाई नगदरहित कारोबारलाई प्रोत्साहन गरिनेछ।

५.**उत्कृष्ट करदाताको सम्मानः** सबैभन्दा बढी तथा नियमित रूपमा कर भुक्तानी गर्ने करदाताहरूलाई वडागत तथा नगरस्तरीय रूपमा सम्मान गर्ने व्यवस्था मिलाइनेछ।

६.**करको दायरा विस्तारः** कर प्रणालीमा समावेश नभएका व्यवसाय, घरधनी तथा अन्य सम्भावित करदाताहरूको पहिचान गरी कर दर्ता अभियान सञ्चालन गरिनेछ।

७.**करदाता शिक्षा तथा जनचेतना अभिवृद्धिः** करप्रति नागरिकको सकारात्मक सोच र कर संस्कृतिको विकास गर्न सूचना, शिक्षा तथा सञ्चारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

८.**अनुगमन तथा मूल्यांकन प्रणाली सुदृढीकरणः** राजस्व संकलन प्रक्रियालाई पारदर्शी, प्रभावकारी तथा उत्तरदायी बनाउन नियमित अनुगमन, समीक्षा तथा मूल्यांकन प्रणाली लागू गरिनेछ।

९. **सूचना प्रविधिको अधिकतम उपयोगः** राजस्व अभिलेख, तथ्याङ्क व्यवस्थापन, विश्लेषण तथा प्रतिवेदन प्रणालीलाई डिजिटल माध्यममा आधारित बनाइनेछ।

१०.**उत्पादनमुखी कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धनः** स्थानीय उत्पादन, स्वरोजगार तथा उद्यमशीलता विकासलाई प्रोत्साहन गर्न कृषि तथा पशुजन्य साना तथा घरेलु व्यवसायहरूमा लाग्ने कर तथा शुल्कलाई क्रमशः न्यून गर्दै आवश्यकतानुसार कर छुटको व्यवस्था गरिनेछ।

११.**समन्वय, सहकार्य तथा सहभागिताः** वडा कार्यालय, विषयगत समिति, बजार व्यवस्थापन समिति, निजी क्षेत्र, नागरिक समाज तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरी राजस्व प्रशासन तथा करदाता सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

१२.**करदाता मैत्री सेवा प्रवाहः** करदातालाई सहज, सरल र छिटो सेवा उपलब्ध गराउन एकद्वार प्रणाली तथा अनलाइन सेवाहरूको विस्तार गरिनेछ।

१३.**राजस्व स्रोतको पहिचान तथा अनुसन्धानः** नगरपालिकाको आन्तरिक आय वृद्धि गर्न सम्भावित नयाँ राजस्व स्रोतहरूको अध्ययन, अनुसन्धान तथा पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ।

१४.**पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनः** राजस्व संकलन तथा खर्च सम्बन्धी विवरण सार्वजनिक गरी वित्तीय सुशासन, पारदर्शिता र जवाफदेहितालाई संस्थागत गरिनेछ।

१५.**करदाता गुनासो व्यवस्थापनः** करदाता गुनासो, सुझाव तथा जिज्ञासाको शीघ्र सम्बोधनका लागि प्रभावकारी गुनासो व्यवस्थापन प्रणाली स्थापना गरिनेछ।

## आर्थिक प्रशासन र लेखा परीक्षणः

## आर्थिक प्रशासन र लेखा प्रणाली सुदृढीकरणः

१. नगरको सम्पूर्ण आर्थिक प्रशासन प्रणाली व्यवस्थित र पारदर्शी बनाइनेछ।

२. आन्तरिक लेखापरीक्षणलाई नियमित, स्वचालित र जोखिममा आधारित बनाइनेछ।

३. आन्तरिक नियन्त्रण प्रणालीलाई समयानुकूल परिमार्जन गर्दै डिजिटल उपकरणहरू प्रयोग गरिनेछ।

## बजेट योजना र कार्यान्वयनः

१. बार्षिक बजेट समयमै पारित गरी कार्यान्वयनको लागि स्पष्ट माइलस्टोन सहितको कार्ययोजना तयार गरिनेछ।

२. कार्यक्रम संसोधन र रकमान्तर नगर सभावाट मात्र गरिनेछ ।

३. गैह्र नाफामुलक संघ संस्थामात्र अनुदान दिईनेछ ।

४. योजना तर्जुमा तथा कार्यान्वयनमा टुक्रे योजनालाई निरुत्साहित गरिने छ ।

५. बजेट कार्यान्वयनमा हुने ढिलाइलाई न्यूनीकरण गर्न कार्यसम्पादन करार गरी शाखा प्रमुखलाई जिम्मेवारी बनाइनेछ ।

६. नगरपालिकाको खाताबन्दी जेष्ठ मसान्त भित्र गर्ने गरी कार्ययोजना बनाई खर्च गरिनेछ ।

## सार्वजनिक खरिद तथा उपभोक्ता समिति सुधारः

१. सार्वजनिक खरिद नियमावली तर्जुमा गरी सबै खरिद कार्य विद्युतीय प्रणाली (E-Bidding) मार्फत गरिनेछ ।

२. उपभोक्ता समितिहरूलाई प्यानमा दर्ता गराई कर प्रणालीमा समावेश गरिनेछ ।

३. नगरपालिकाको सम्पूर्ण खरिदहरु खरिद इकाई मार्फत एकद्वार प्रणालीबाट गरिनेछ ।

४. उपभोक्ता समितिलाई अभिमुखिकरण तथा तालिम दिईनेछ ।

**<u>विद्युतीय कारोबार र अभिलेख व्यवस्थापनः</u>**

१. विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत नगद रहित कारोबारलाई प्राथमिकता दिइनेछ।

२. सम्पूर्ण आर्थिक कारोबारहरू सुरक्षित र व्यवस्थित(चुस्त दुरुस्त) राखिनेछ।

३. सवारीको इन्धन तथा मर्मतलाई व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग गरिनेछ।

**<u>पारदर्शिता र सामाजिक उत्तरदायित्वः</u>**

१. बजेट, खर्च तथा आयोजना विवरणहरू नियमित रूपमा वेबसाइट, सूचना पाटी, सार्वजनिक सुनुवाइ तथा अन्य माध्यमबाट प्रकाशित गरिनेछ।

२. बजेट र खर्च प्रतिवेदनहरू जनतासँग प्रत्यक्ष रूपमा सार्वजनिक गरिनेछ ।

३. नगरपालिकाको समग्र आम्दानी खर्च Website, facebook पेज मार्फत मासिक प्रकासन गरिनेछ ।

**<u>लेखापरीक्षण तथा जोखिम व्यवस्थापनः</u>**

१. सामुदायिक विद्यालय, स्वास्थ्य संस्था, योजना उपभोक्ता समिति आदिको लेखापरीक्षण व्यवस्थित गरिनेछ ।

२. वित्तीय जोखिम मूल्याङ्कनको आधारमा लेखापरीक्षण प्रणालीको विकास गरिनेछ ।

३. वेरुजुको नियमित मूल्याङ्कन गरिनेछ र वेरुजु न्यूनीकरणको स्पष्ट योजना बनाइनेछ ।

४.कर्मचारी क्षमता विकास तालिम र जनप्रतिनिधिको अभिमुखिकरणद्वारा शून्य वेरुजु नीतिलाई कार्यान्वयन गरिनेछ ।

५. शून्य वेरुजु भएका पालिकाहरूका असल अभ्यासहरूको सिकाइ गरिनेछ ।

**अन्त्यमा,**

प्रस्तुत् नीति तथा कार्यक्रमको तर्जुमाको क्रममा सामाजिक सञ्जाल, इमेल, पत्राचार, अन्तर्क्रिया कार्यक्रम, क्षेत्रगत सरोकारवालाहरुसँगको बैठकवाट र प्रत्यक्ष भेटघाट गरी आफ्नो अमुल्य राय, सुझाव, दिनु हुने नगरबासीहरु, नागरिक समाज, उद्योगी, व्यवसायी, सामुदायिक वन, टोल विकास संस्थाका प्रतिनिधिहरु, खानेपानी संस्था, सामुदायिक विद्यालयहरु, गैरसरकारी संघ सस्थाका प्रतिनिधिहरु, कर्मचारीहरु सवैलाई धन्यवाद तथा आभार प्रकट गर्दछु । यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा समेत तपाईंहरुको साथ सहयोग सहकार्य र रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनवाट नगरको आर्थिक सम्पन्नता, सामाजिक न्याय, गरिबी निवारण, रोजगारी सिर्जना, उत्पादन वृद्धि हुनुका साथै दिगो पूर्वाधार निर्माण भई आर्थिक सामाजिक रुपान्तरण हुने अपेक्षा गरेको छु ।

**धन्यवाद ।**

**विनोद रेग्मी**
**नगर प्रमुख**

कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

**Email: kalikanagarpalika@gmail.com**

**Facebook: facebook.com/kalika.municipality.1**

**Twitter: twitter.com/KanapaChitwan**

**Website: kalikamun.gov.np or kalikamunchitwan.gov.np**